# पोखरेली उपन्यासका मूल प्रवृत्ति

**विष्णु प्रसाद पौडेल**

**सार-** *प्रस्तुत लेख जहाँ जन्मे पनि पोखरा उपत्यकालाई कर्मभूमि बनाएर बसेका नेपाली उपन्यास सर्जकका औपन्यासिक कृतिहरूमा केन्द्रित छ । पोखरेली उपन्यास लेखनको खास थालनी २०११ सालको 'को अछुत ?' उपन्यासबाट भएको हो । त्यसपछि २०६८ सालसम्म प्रकाशित २३ जना उपन्यासकारका जम्मा ३७ वटा उपन्यासहरूको प्रवृत्तिपरक विश्लेषण गरेर निष्कर्षका रूपमा पोखरेली उपन्यासका मुख्य उपलब्धि र भावी चुनौतीको सङ्केत यस अनुसन्धानात्मक लेखमा पहिलो पटक गरिएको छ । यसरी हेर्दा आधुनिक युग चेतनासँगै बढी फस्टाउने उपन्यास रचनाले पोखरामा पनि २०११ साल प्रवेश गरी ६ दशकसम्ममा क्रमशः सुधारवादी दृष्टिकोण, शृङ्गारिकता, राजनीतिक विद्रोह चेत, प्रयोगशीलता, वैचारिकता जस्ता विभिन्न प्रवृत्तिहरूको विकास गरी क्रमशः गुणात्मक फड्को मार्दै आएको त पाइन्छ तर यस्तो स्थिति सीमित पोखरेली उपन्यासकारका उपन्यासमा मात्रै छ। धेरैमा दृष्टिकोणको व्यापकता, कलाप्रतिको निष्ठा, ऐतिहासिक चेत सहितको थप मौलिकता, समसामयिकता, स्थानीयता, कथनको सघनता, साहित्यिकता र संरचनात्मक सौष्ठव जस्ता कुराको अभाव नै रहेको छ ।*

**मुख्य शब्द-** *पोखरेली उपन्यास, सुधारवादी, शृङ्गारिक, राजनीतिक विद्रोह चेत, प्रयोगशील, वैचारिक र नारीवादी चेत ।*

## १. पृष्ठभूमि

भाषाका माध्यमबाट प्रकट गरिने मानवीय संवेदनाको कलात्मक रूपलाई साहित्य भनिन्छ । मानवीय संवेदना समाज र युग सापेक्ष निर्मित हुन्छ । यसलाई साहित्यमा गद्य र पद्य भाषामा प्रस्तुत गरिन्छ । पद्यमा कविता विधा प्रकट हुन्छ भने गद्यमा नाटक, निबन्ध र आख्यान विधा प्रकट हुन्छन् । आख्यानकै एउटा रूप कथा हो भने अर्को रूप उपन्यास हो । दुबैमा घटना प्रसङ्गहरूको व्यवस्थापन मार्फत समाज र जीवनका विविध रूपलाई प्रस्तुत गरिएको हुन्छ । कथाका अपेक्षा उपन्यास विस्तृत हुने हुँदा यसमा समाज र जीवनका विविधतालाई केही विस्तारमा समेट्ने काम गरिन्छ । समाज र जीवनसँग प्रत्यक्ष सम्बन्धित हुने, त्यसका विविध आयाम प्रस्तुत गर्ने, साहित्यका अन्य विधाका अपेक्षा लचिलो संरचना लिने वा अन्य विधाका कतिपय संरचनात्मक वैशिष्ट्यलाई पनि केहीहदसम्म संश्लेषण गर्न सक्ने, सिर्जनात्मक प्रयोगशीलता बढी प्रदर्शन गर्न पाइने, आफ्नै किसिमको वैचारिक स्थापनाका लागि पनि अनुकूल बनि दिने, सरल, स्वस्थ मनोरञ्जक र साहित्यिक सरसता समेत यसले दिने हुँदा वर्तमान युगमा यो लेखक तथा पाठक बिच बढी लोकप्रिय बन्दै गएको छ ।

आधुनिक युग चेतनासँगै बढी फस्टाउन थालेको उपन्यास विश्व साहित्यमा नै एक महत्त्वपूर्ण रचना प्रकारका रूपमा देखिँदै आएको छ । सामाजिक गतिशीलतासँग समाहित भएर प्रकट हुनु, जीवनगत जटिलताको निरूपणबाट विमुख नहुनु, विशेषतः समकालीन जन जीवनको जीवन्त आलेख प्रस्तुत गर्नु, नव नव शिल्प प्रयोगमा रमाउनु, वैचारिक दृष्टि सञ्चार गर्नु जस्ता कुरा यसका उल्लेखनीय विशेषता बन्दै आएका छन् । यी कुरा पोखरेली कतिपय उपन्यासकारहरूमा पनि टड्कारा भएर देखिएका छन् । पोखरालाई कला, साहित्य र संस्कृतिको राजधानी मान्ने सोचलाई पोखरेली उपन्यास लेखनले पनि सघाउँदै आएको छ ।

पोखरेली साहित्यकारलाई कवितापछि उपन्यास लेखनले नै मदन पुरस्कार दिलाएको थियो । त्यसैले यो अनुसन्धान पोखरेली उपन्यासहरूका मूल प्रवृत्तिहरुको सर्व प्रथम अन्वेषण गरेर त्यतातर्फको सानै भए पनि एउटा गहकिलो कार्यका रूपमा प्रकट हुन खोजेको छ । यस शोध अनुसार पोखरामा २०६८ सालसम्ममा पोखरेली २३ जना उपन्यासकारहरूका ३७ वटा उपन्यासहरू प्रकाशित छन् । ती उपन्यासकारमध्ये कतिपय राष्ट्रिय प्रतिभाकै रूपमा देखिएका छन् ।

यस अनुसन्धानको मूल समस्या पोखरेली उपन्यासका मूल प्रवत्तिहरूको निरूपण गर्नु रहेको छ । यस क्रममा मुख्यतः

सुरुदेखि २०६८ सालसम्म प्रकाशित पोखरेली उपन्यासहरूमा यो अनुसन्धान केन्द्रित छ । तसर्थ

क) पोखरेली उपन्यास लेखनको आरम्भ र विकास के कसरी भयो ? वा सुरुदेखि २०६८ सालसम्मका पोखरेली उपन्यासकार को को हुन् र तिनका उपन्यास रचनाहरू के के हुन् ?

ख) पोखरेली उपन्यासका विषय र शिल्प संश्लेषणमा के कस्ता आधारभूत प्रवृत्तिहरू पाइन्छन् ? भन्ने कुरा यस शोधका खास समस्या बनेका छन् ।

यी समस्याहरूको वस्तुगत विश्लेषण गरी पोखरेली उपन्यासहरूको मूलभूत प्रवृत्ति निक्यौंल गर्नु यस शोधको मूल उद्‌देश्य रहेको छ ।

यस शोधको क्षेत्र पोखरेली उपन्यासकारका उपन्यास रचनाहरू भए पनि यस्ता उपन्यासहरू २०६८ सालसम्ममा तिन दर्जनभन्दा बढी देखिएकाले समय, स्रोत र साधनका आधारमा यहाँ ती उपन्यासहरूको समग्रमा प्रवृत्तिपरक अध्ययन मात्रै गर्ने अन्य कोणको चर्चा नगर्ने भनी सीमाङ्कन गरिएको छ ।

पोखरेली उपन्यासकार निर्धारण गर्दा जहाँ जन्मे पनि पोखरा उपत्यकालाई कर्मभूमि बनाएर नेपाली भाषामा उपन्यास लेख्ने सबै उपन्यास सर्जकलाई लिइएको छ । पोखरामा जन्मेहुर्के पनि कर्मभूमि अन्यत्र बनाएकाहरूलाई भने लिइएको छैन ।

प्रस्तुत शोध मुख्यतः पोखरेली उपन्यासहरूको वस्तुगत विश्लेषण गरी तिनका प्रमुख प्रवृत्ति निर्धारणमा केन्द्रित रहने हुँदा मुख्यतः आगमनात्मक (Indictive) शोधविधिमा आधारित छ । प्रवृत्तिको अध्ययनका क्रममा उपन्यासहरूको विषय, कथ्य र शिल्पलाई अनुशीलन गरी तिनका अलग अलग प्रवृत्तिहरू निक्यौंल गर्ने काम पनि भएको छ । यसमा सामग्री सङ्कलन भने पुस्तकालय विधिबाट गरिएको छ ।

## २. पोखरेली उपन्यास लेखनको थालनी र विकास

नेपाली साहित्यमा उपन्यास लेखनको थालनी भएको पनि एक शतक बिति सकेको छ । यस क्रममा यस विधामा जासुसी, तिलस्मी र ऐयारी प्रवृत्तिले भरिएको आद्‌भूतिकता वा रहस्यवाद (‘वीर चरित्र’ १९६०), आदर्शवाद (‘रूपमती’ १९९१), स्वच्छन्दतावाद (‘भ्रमर’ १९९३), सामाजिक यथार्थवाद (‘मुलुक बाहिर’ २००४), ऐतिहासिक यथार्थवाद (‘वसन्ती’ २००६), आलोचनात्मक यथार्थवाद (‘मञ्जरी’ लेखन २००८ प्रकाशन २०१६, ‘को अछुत’ २०११ र ‘स्वास्नीमान्छे’ २०११) मनोवैज्ञानिक तथा प्रकृतवाद (‘पल्लो घरको झ्याल’ २०१६), प्रगतिवाद (‘आशामाया’ २०२५), विसङ्गतिवाद (‘आज रमिता छ’ २०२१), अस्तित्ववाद (‘आज रमिता छ’ २०२१, ‘शिरिषको फुल’ २०२२), उत्तर आधुनिकतावाद/विनिर्माणवाद (‘अग्निदत्त+अग्निदत्त’) जस्ता विभिन्न धारा र तिनका विविध प्रवृत्तिहरू थालनी र विकास हुँदै आएको देखिन्छ । यस समयमा देशका विभिन्न भागबाट यसको गुणात्मक समृद्धिका लागि अनेकन सिर्जनात्मक प्रयत्न हुँदै आएका छन् । पोखरेली उपन्यास लेखन पनि सोही शृङ्खलाको एउटा महत्त्वपूर्ण कडी बनेको छ ।

पोखरामा २००७ सालपूर्व नै पोखरेली गोपीनाथ उपाध्याय (जन्म १९००तिर - मृत्यु अज्ञात), श्रीकृष्ण सुवेदी (१९३१-२००३), कालीदास पराजुली (१९३६-२००७), देवीराम पौडेल (जन्म १९३७ - मृत्यु अज्ञात), रत्नमान उदास (१९४०-२००७), लेखनाथ पौड्याल (१९४१-२०२२), कृष्ण बहादुर उदास (१९५०-), विश्वनाथ पौडेल (जन्म १९५०- वर्मामा मृत्यु, मिति अज्ञात), धन शमशेर जबरा (१९५३-२०४४), केशव नाथ पौडेल (१९५४-२००४), करुणा निधि कोइराला (१९६४-२०४६), देवानन्द स्वामी (१९७०-२०३२), बुद्धि सागर पराजुली जस्ता विभिन्न स्रष्टाहरूले कलम चलाएर कविता, नाटक र निबन्ध विधाको थालनी गरी त्यसलाई अगाडि बढाउने काम समेत भइ सकेको देखिन्छ तर आख्यानको भने थालनी नै हुन सकेको देखिन्न । आख्यानको थालनी २००७ सालबाट मात्रै भएको देखिन्छ । हुन त २००७ सालपूर्वकै बुद्धि सागर पराजुलीको ‘स्वस्थानी व्रतकथा’ यस सन्दर्भमा स्मरणीय बनेको छ तर त्यो मौलिक आख्यानका रूपमा देखिन्न । पोखरामा मौलिक उपन्यास लेखनको थालनी गर्ने काम मुक्तिनाथ शर्मा (१९७१-२०४६) ले गरेको देखिन्छ । त्यसपछि भने यस विधामा कलम चलाउने पोखरेली आख्यान वा उपन्यासकारहरू धेरै नै देखिएका छन् । हालसम्म उपन्यासका क्षेत्रमा कलम चलाउने दुई दर्जनभन्दा बढी उपन्यासकार र तिनका तिन दर्जनभन्दा बढी उपन्यास भेटिन्छन् । तिनलाई क्रमशः तल प्रस्तुत गरिन्छ–

| क.स. | उपन्यासकार | औपन्यासिक कृति |
|---|---|---|
| १. | मुक्तिनाथ शर्मा | मातृत्व र धर्म पुस्तक (२००७) र को अछुत ? (२०११), |
| २. | भुवनेश्वर कोइराला | वैकुण्ठको महल (२०१३) र सत्य सन्देश विधवा जीवन (२०१३), |
| ३. | मुकुन्द शरण उपाध्याय | वरदान (२०१.) |
| ४. | तीर्थ जङ्गली | जीवन एक रात (२०३४) र मानवता (२०३५), |
| ५. | वद्री विनोद प्रतीक | स्वीकार (२०३४) र झरेको पात (२०४६), |
| ६. | भूपति ढकाल कमल | स्वदेसिएका जोडी (२०३७), |
| ७. | सुवर्ण कोइराला | शारदा (२०३९), |
| ८. | ईश्वर पर्देशी | बिहानी र साँझ (२०४४), |
| ९. | भास्कर | हाँडीका कनिका (२०४४), बन्दी जीवन (२०४६), अमर बस्ती (२०५३), अचम्मको फैसला (२०५६) र समर्पण (२०५७), |
| १०. | सरुभक्त | एक अविनको आत्मकथा (२०४४), पागल बस्ती (२०४८), तरुनी खेती (२०५३), समय त्रासदी (२०५८), चुली (२०६०) र अँध्यारो कोठा (२०६०) |
| ११. | जस बहादुर गुरुङ | भुलको जिन्दगी (२०४५), |
| १२. | कृष्ण उदासी | परविन्दा (२०४७), |
| १३. | घनश्याम ढकाल | गाउँभित्र (२०४७) र रातो आकाश (२०६०), |
| १४. | प्रमोद मुल्मी | त्यो नबिर्सने रात (२०५०), |
| १५. | सरुविन्द | विसङ्गत बस्तीहरू (२०५१), |
| १६. | हरिकृष्ण वञ्जारा | जीवन जगत (२०५२), |
| १७. | प्रतीक्षा बागी | दोस्रो जीवन (२०५२), |
| १८. | क्षेत्र बहादुर कुँवर | संयोग भनौं वा भाग्य (२०५९), |
| १९. | भूमिराज बस्ताकोटी | परिस्थिति (२०५९) र निर्मोचन (२०६८) |
| २०. | सुकुम शर्मा | सङ्घर्षशील युवाको डायरी (२०५७) |
| २१. | नेपाल प्रकाश अधिकारी | गणतन्त्रको गर्जन (२०६४) |
| २२. | रवीन्द्र माकाजू | सुमन (२०६७) |
| २३. | दीपक पराजुली | राज्यको अन्त्य होस् (२०६८) |

यी बाहेक दीपेन्द्र पौडेल (आस्थाको बिन्दु), झपट बहादुर गुरुङ् (लुकेको व्यथा), सुरेन्द्र थापा मगर (प्रेमोपहार), बाल मुकुन्द तुलाचन, इन्द्रराना प्रतीक आदिले पनि उपन्यासमा कलम चलाएको बुझिन्छ । उपर्युक्त उपन्यासकारहरूलाई परम्परित औपन्यासिक धारा अनुसार हेर्ने हो भने मुक्तिनाथ शर्मा र भूपति ढकाललाई आलोचनात्मक यथार्थवादी, मुकुन्द शरण उपाध्याय र प्रमोद मुल्मीलाई आदर्शवादी, तीर्थ जङ्गली र वद्री विनोद प्रतीकलाई स्वच्छन्दतावादी, भास्कर र घनश्याम ढकाललाई प्रगतिवादी, सरुभक्त र भूमिराज बस्ताकोटीलाई प्रयोगवादी अनि रवीन्द्र माकाजू र दीपक पराजुलीहरूलाई वैचारिक उपन्यासकारका रूपमा प्रस्ततु गर्न सकिन्छ । यी बाहेक भुवनेश्वर कोइराला आलोचनात्मक यथार्थवादको निकट, ईश्वर पर्देशी, जस बहादुर गुरुङ र कृष्ण उदासी स्वच्छन्दतावादी आदर्शवादीका निकट अनि सरुविन्द र प्रतीक्षा वागी प्रयोगशीलतातर्फ उन्मुख पाइन्छन् । यस्तै भूमिराज बस्ताकोटीलाई विनिर्माणवादी उपन्यासकारका रूपमा पनि लिन सकिन्छ । यस्ता धेरै उपन्यासकारमा सैद्धान्तिकचेतको त्यति स्पष्टता पाइँदैन भने केहीमा विविध वादको अन्तर मिश्रणको प्रवृत्ति पनि देखिन्छ । यस्तै कुनै उपन्यासकार (जस्तै सरुभक्त) ले आफ्ना फरक फरक उपन्यासमा भिन्न भिन्न वादको उपयोग गरेको पनि पाइन्छ । त्यसैले यस्तो विविधतालाई समेट्न सजिलो होस् भनी प्रमुखताका आधारमा यसपछिको शीर्षकमा तिनका प्रवृत्तिहरूको विश्लेषण गरिएको छ ।

## ३. मूल प्रवृत्ति

पोखरेली उपन्यास लेखन २००७ सालमा आरम्भ भएपछि २०६८ सालसम्म आइ पुग्दा दुई दर्जन लेखकले तिन दर्जनभन्दा बढी उपन्यास लेखेको पाइन्छ । तिनलाई मूल प्रवृत्तिका आधारमा तल क्रमशः चर्चा गरिएको छ ।

### ३.१ सुधारवादी दृष्टिकोण

साहित्यका सबैजसो विधामा विचारको कुनै न कुनै रूपमा अभिव्यक्ति हुन्छ । उपन्यास पनि यसबाट अछुतो रहन सक्दैन । पोखरेली सबै उपन्यासमा यसको धेरैथोरै प्रयोग पाइन्छ तर केही उपन्यासमा यसको प्रयोग प्रत्यक्ष छ । यस्ता उपन्यासमा आधुनिक औपन्यासिक संरचनाको कलात्मकता गौण र वैचारिकताको प्रस्तुति प्रमुख भएर प्रकट भएको पाइन्छ । अनि यस्तो वैचारिकताले परम्परित सामाजिक असङ्गतिको सुधार गर्न खोजेको पनि देखिन्छ । यस्ता उपन्यासकारमा मुख्यतः मुक्तिनाथ शर्मा पर्दछन् भने भुवनेश्वर कोइराला (१९८३) र मुकुन्द शरणलाई पनि यसैमा राख्न सकिन्छ ।

शर्माको २००७ सालमा प्रकाशित 'मातृत्व र धर्मपुस्तक' मा मातृत्व र नेपाली धर्मपुस्तक नामक दुई अलग अलग विचारपरक आख्यान सङ्ग्रह गरिएको छ । लेखककै व्यक्ति जीवनको घटनासँग सम्बद्ध (तिमसिना, २०४१:९) मातृत्वमा बालकन्या रमालाई धनको लोभले वृद्ध पुरुषसँग विहे गरिदिनु, ऊ एक्काइस वर्षमै विधवा बन्नु, पछि उसले धर्मशास्त्रका प्रकाण्ड विद्वान् कृष्ण प्रसादको गर्भ बोक्नु, गर्भ फ्याक्न भनिए पनि मातृत्वको प्रबल रहरले गर्दा समाजबाट तिरष्कृत बनेर पनि उसले जेलमै बच्चा जन्माउनु जस्ता विषय प्रसङ्ग प्रस्तुत गरेर बाल विवाह र अनमेल विवाहको विरोध अनि विधवा विवाहको स्वीकृतिको अपेक्षा गरिएको छ । यस्तै स्वास्नी मर्दा लोग्नेले अर्की स्वास्नी ल्याउन भए स्वास्नीले पनि अर्को लोग्ने रोज्ने छुट पाउनु पर्छ भन्ने जस्ता नारी समानताका प्रबल तर्कहरू पनि यहाँ उठाइएका छन् ।

'नेपाली धर्मपुस्तक'मा भगवान् शङ्करको सभापतित्वमा एक सभा आयोजना गरी मनु, कृष्ण, व्यास, परासरहरूलाई धर्मका पक्षमा र टाल्सटाय र मार्क्सलाई समाज सुधारका पक्षमा बोल्न लगाइएको छ । यस्तै मार्कोनी, ग्यालिलियो, न्युटन जस्ता वैज्ञानिकहरूको तर्क पनि आएका छन् । अन्त्यमा सभापतिले समाज सुधार र वैज्ञानिकका पक्षमा आफ्नो अभिमत दिएर कृतिको अतिकाल्पनिक विषय टुङ्ग्याइएको छ । यसबाट धर्मका नाममा भएका विकृति नङ्ग्याउँदै वैज्ञानिक भौतिकवादी वैचारिकता प्रसार गर्न खोजिएको छ । यी दुबै रचना विचार प्रतिपादनका दृष्टिले महत्त्वका रहे पनि उपन्यास भने बन्न सकेका छैनन् (प्रधान, २०४९:८४) । लेखकले यिनलाई यथार्थवादी क्रान्तिकारी सामाजिक कथाका रूपमा लिए पनि यी आधुनिक कथा भन्न सुहाउँने पनि देखिन्नन् । वस्तुतः यी स्वतन्त्र वैचारिक लेखनको बढी नजिक देखिन्छन् । यसो भए पनि यिनमा आख्यान सूत्रको उपयोग पनि देखिँदा पोखरेली आख्यान लेखन आरम्भका दृष्टिले भने यिनको महत्त्व नकार्न सकिन्न । यिनै रचनाको पृष्ठभूमिमा मुक्तिनाथले धार्मिक तथा नैतिक रूपबाट भित्रभित्रै खोक्रिँदै गएको नेपाली समाजको सन्दर्भलाई विषय तुल्याई २०११ सालमा 'को अछुत ?' नामक सुधारवादी उपन्यास प्रस्तुत गरेका छन् । यसमा कामी, दमै, सार्की जस्ता जातिलाई अछुत ठानेर घृणा गर्ने, नारीलाई पुरुष सरह अधिकार दिन नचाहने, घोर परम्परावादी तर भित्रभित्रै आफ्नी भान्से बाहुनी स्यानीलाई जबर्जस्ती गर्भिणी तुल्याउने अनि उसलाई कलकत्ता लगी पैसाको लोभ देखाएर दमैँसँग टाँसो लगाउने देवेन्द्र, विज्ञानमा स्नातक तहसम्म अध्ययन गरेको भए पनि बाबु जस्तै घोर परम्परावादी देवेन्द्रको छोरो खगेन्द्र र सम्भ्रान्त परिवारमा जन्मे हुर्केर खगेन्द्रकी पत्नी बनेकी भए पनि सम्भ्रान्त वर्गको नारी शोषण र अन्य अन्याय अत्याचारको भन्डाफोर गर्ने, सामाजिक विकृति विसङ्गतिलाई निर्धक्क नङ्ग्याउने, परम्परित गलत मूल्य मान्यतालाई सङ्गठित रूपमा विद्रोह गर्न खोज्ने, समतावादी मायाको चरित्रलाई विशेष महत्त्वका साथ प्रस्तुत गरिएको छ । यसै क्रममा ब्राम्हण परिवारकी विधवा इन्दिरा पछि इन्दुरा दमिनी बनेको कथा, उससँग मायाको बाबु र ससुराले गरेको यौन सम्बन्धका कारण जन्मिएका उजेली र गोरेको जन्म कथा, घरानियाँ सुमित्राले आफ्नो हली गगने सार्कीसँग अवैध सम्बन्ध गाँसी जन्माएको सन्तान पण्डित रविलाल दवाडी र उसको प्रकाण्ड विद्वत्ताको कथा, दुरुचा पोडिनीसँग सल्केको तुलसी लालको कथा, राममाया कमिनीको जिब्रो चुस्न झुत्ती खेल्ने रामकृष्ण, डिठ्ठा श्याम बहादुर भण्डारी, मुखिया नर बहादुर गुरुङ्को कथा, दानवीर आफ्नै बहिनीसँग सल्किएर जन्मिएको रतनको कथा, गुरुज्यूले आफ्नै भाउजूबाट जन्माएको टीकाराम जैसी आदिको कथा खुल्दै आएका छन् । तिनले समाजका नैतिक वा छुत भनाउँदा मानिसहरूको चरित्रलाई राम्रैसँग नङ्ग्याएका छन् । मायाले आफ्ना बाबु, ससुरो र लोग्नेको रहस्यमय दुश्चरित्र पहिल्याउँदै

गएपछि सबैलाई चरम घृणा गरेकी छ । लोग्नेले माफ मागे पनि माफी नदिई लोग्ने नै त्यागेर अलगै बसेकी छ । यता राष्ट्रमा नेपाल दलित किसान मजदुरको सरकार गठन भएर गगने सार्की गृहमन्त्री बनेको, त्यसपछि जातिप्रथा भङ्ग गरिएको र बडा हाकिम खगेन्द्रका ठाउँमा सेते सुनार नियुक्त भएको प्रसङ्ग प्रकट हुँदै गएका छन् । ती सबै कुरा थाहा पाएर खगेन्द्रले आत्महत्या गरेपछि उपन्यास टुङ्गिएको छ ।

यसरी समाजमा छुत ठानिएकाहरू अछुतका र अछुत ठानिएकाहरू छुतकै सन्तान भएको वास्तविकता वा वर्ण शङ्करको स्थिति, सामाजिक नैतिकता खोक्रो बन्दै गएको अवस्था, सम्भ्रान्त परिवारमा देखिएको चरम यौन अनैतिकता र अमानवीयताको प्रतिक्रिया स्वरूप जनजातिहरूमा आएको जागरणको लहर, नारीहरूमा उत्पन्न भएको विद्रोह चेत र अन्ततः उनीहरूकै विजयको स्थिति जस्ता कुरा देखाएर उपन्यासले सामाजिक क्रान्तिलाई मुखरित गर्न खोजेको पाइन्छ । उपन्यासमा देखिने केही प्रसङ्ग (दलित किसान मजदुरको सरकार गठन, सुमित्राको हली गगने सार्की गृहमन्त्री र सेते सुनार बडा हाकिम बनेका जस्ता कुरा) स्वाभाविकताका दृष्टिले त्यति सहज बनेका छैनन् । औपन्यासिक सङ्गठनको सन्तुलन र शिल्प परिष्कारमा पनि धेरै नै कमी कमजोरी देखिन्छन् तापनि तत्कालीन समाजमा टड्कारो रूपमा देखिएको छुवाछुतको भावना, सामान्य हुने खानेले विपन्न वर्गप्रति देखाउने चरम घृणा, सम्पन्न वर्गको खोक्रो यौन नैतिकता, नारी शोषणका विविध रूप जस्ता परम्परित सामन्ती समाजका कुसंस्कारलाई यसले वैज्ञानिक तर्काश्रित वैचारिकताका साथ निमिट्यान्न पार्ने जुन क्रान्तिकारी चेतना सञ्चार गरेको छ त्यो पोखरेली उपन्यासका सन्दर्भमा मात्रै नभई सिङ्गो नेपाली उपन्यासको सन्दर्भमा पनि उल्लेखनीय बनेर रहेको छ किनभने यही साल प्रकाशित हृदय चन्द्र सिंह प्रधानको बहु चर्चित उपन्यास 'स्वास्नीमान्छे'को विद्रोह चेत वा त्यसमा रहेका परम्परित घेरामा बस्न नचाहने मैयानानी र वसन्तीको विद्रोही चरित्र भन्दा आफ्नो बाबु, ससुरो र लोग्नेको दुश्चरित्र नङ्ग्याएर समाजमा देखाउने अनि तिनलाई छाडेर अलग्गै बस्ने 'को अछुत ?' की मायाको चरित्र अझ सुदृढ वैचारिक चेत सहितको वा क्रान्तिकारी देखिएको छ ।

शर्माको अर्को कृति 'गफ'मा पनि विदेशी सहयोगको दुरुपयोग, प्रशासन, अदालत, माल र सेनाका उच्चपदस्थ कर्मचारी र प्रोफेसरहरूले गर्ने गरेको भ्रष्टाचारका बारेमा गफ गरिएको छ । त्यस्तै 'हिन्दू संस्कृति र आधुनिकता' मा हिन्दू संस्कृतिको अवैज्ञानिकता माथि प्रहार गरिएको छ । यसमा लेखक स्पष्टतः मार्क्सवादी वैचारिकताको निकट बन्दै प्रकट भएका छन् । यी दुबै लेखकका स्वतन्त्र विचारपरक कृति हुन् । केहीले भ्रमवश यिनलाई पनि उपन्यासकै रूपमा चर्चा गरेको पाइन्छ तर यी उपन्यास चाहिँ होइनन् ।

यो सबै चर्चाको निचोडमा के भन्न सकिन्छ भने मुक्तिनाथ शर्मा अहिलेसम्मको शोधखोज अनुसार पोखरेली प्रथम उपन्यासकार हुन् । यिनको एकमात्र महत्त्वपूर्ण उपन्यास 'को अछुत ?' हो । यसको मूल प्रवृत्ति सुधारवादी वैचारिकता हो । यो अध्यात्मवादको विपरीत वैज्ञानिक भौतिकवादी चेतनाश्रित बनेर प्रकट भएको छ र त्यसका माध्यमले उपन्यासमा परम्परित अध्यात्म चेतनाश्रित सामन्ती नेपाली समाजका छुवाछुत, नारी शोषण जस्ता विविध असङ्गतिप्रति सशक्त सुधार वा विद्रोह चेतको सञ्चार गरिएको छ । यसको यस्तो सुधारवादी रचनात्मक विद्रोह नेपाली उपन्यास परम्पराकै सन्दर्भमा पनि उल्लेखनीय बनेर रहेको छ ।

यस प्रवृत्तिका अर्का उपन्यासकार भुवनेश्वर कोइरालाको 'वैकुण्ठ महल' मा आफ्नो मातृभूमि नेपाललाई नै वैकुण्ठ महल बनाउने उद्देश्यले अनेकन अस्वाभाविक कल्पना बुनिएको छ । यसको चरित्र विधानमा 'रूपमती' उपन्यासको प्रत्यक्ष प्रभाव (विशेषतःरूपमतीका रविलाल र बराल पुत्रीको छाप तमिर र चनमतीमा) पाइन्छ । यसमा देखिने अतिकाल्पनिकता, आदर्शवाद र पद्य भाषाको प्रयोगले यसलाई माध्यमिक कालीन गद्याख्यानको निकट तुल्याएको छ । कोइरालाको अर्को उपन्यास 'सत्य सन्देश र विधवा जीवन' मा पनि आधुनिक उपन्यास लेखनको विधागत सचेतता नदेखिए पनि प्रशस्त विधवा पात्र (किशोरी, चकोरी, सुशीला, मेदिनी आदि) प्रयोग गरेर उनीहरूको व्यथामय कथा मार्फत विधवा विवाहको स्वीकृति दिइएको छ । यसको स्वीकृति मुक्तिनाथको जस्तो वैज्ञानिक चेतनामा आधारित नभई अध्यात्म चेतनामै आधारित देखिन्छ । यसको महत्त्वपूर्ण पुरुष चरित्र भूदेव पनि अध्यात्मप्रति आस्थाशील छ । त्यसैले कोइरालाको सुधारवादी वैचारिकता अध्यात्म दर्शनको आलोकमा निर्मित देखिन्छ । यस्तै आध्यात्मिक आदर्शको वैचारिकताबाट मुकुन्द शरण उपाध्यायले 'वरदान' उपन्यास लेखेको पाइन्छ । यसमा केलादीका अहिंसावादी वैष्णव महाराज भगवत शरण देवाचार्यलाई शैवमार्गी मांसाहारीहरूले प्रशस्त दुःख दिए

पनि पछि तिनलाई प्रशासन र समाजले दण्डित गर्न खोज्दा उनले उल्टै शत्रुलाई अभयको वरदान दिएको उदारताको कथा विषय वस्तुका रूपमा प्रस्तुत गरिएको छ । यसबाट उपन्यासमा गलत व्यक्तिलाई दुःखका निम्ति दण्ड होइन हृदय परिवर्तन गराउनु पर्छ भन्ने 'रूपमती'को जस्तै सुधारवादी आदर्श स्थापना गर्न खोजिएको बुझिन्छ । औपन्यासिक कलाका दृष्टिले भने कोइराला र उपाध्यायका उपन्यास उल्लेखनीय बन्न सकेका देखिन्नन् ।

## ३.२ शृङ्गारिकता

हुन त सबैजसो उपन्यासमा कुनै न कुनै रूपमा शृङ्गारिक प्रेमकथा रहन्छ नै तर कतिपय उपन्यासमा अन्य पक्षलाई कम महत्त्व दिई युवा युवतीको भावुक प्रेमलाई मात्रै प्राथमिकताका साथ प्रस्तुत गरिएको हुन्छ । विशेष गरी सामान्य खाले स्वच्छन्दतावादी आदर्शवादी उपन्यास लेखनमा यस्तो प्रवृत्ति बढी पाइन्छ । यस्ता उपन्यासले कम बौद्धिक स्तरका वा सामान्य पाठकको मन बढी तान्दछन् किनभने गूढ वा प्रबल वैचारिकता र कलात्मक घनत्वको ओजबाट यस्ता उपन्यास प्रायः मुक्त देखिन्छन् । पोखरेली उपन्यासकार तीर्थ जङ्गली, बद्री विनोद प्रतीक, सुवर्ण कोइराला, जस बहादुर गुरुङ् र भूमिराज वस्ताकोटीमा यस्तो प्रवृत्ति रहेको छ तापनि ती पूरै सतही प्रेममा मात्रै भने आधारित देखिन्नन् । प्रेम कथाको आरोह अवरोहको प्रसङ्गमा तिनमा समाज निरीक्षणको प्रयत्न पनि राम्रै देखिन्छ । यसले गर्दा वैचारिकता र कलात्मकताका दृष्टिले दुर्बल देखिएका यस्ता शृङ्गारिक प्रेम प्रबल उपन्यास पनि साहित्य सचेत पाठकलाई केही हदसम्म आफूतिर तान्न सफल देखिन्छन् । विशेष गरी तीर्थ जङ्गली र वद्री विनोद प्रतीकको लेखन यस दृष्टिले केही महत्त्वका देखिएका छन् ।

जङ्गलीको पहिलो उपन्यास 'जीवनको एक भाग'मा मूलतः युवा युवतीको वासना प्रेरित प्रेम र अंशतः सामाजिक रीतिस्थितिको सतही बयान पाइन्छ । ताराले सानैदेखि अनिललाई प्रेम गरे पनि अनिल वीरगन्जमा पढ्न गएको बेला ताराका बाबुले उसलाई अन्यत्रै बिहे गरि दिएका, बिहे भएको छ महिनामै रोगी लोग्ने मरेर तारा विधवा भई माइत आएकी, अनिल र ताराको प्रेम फेरि अगाडि बढेको, सोही क्रममा ताराले अनिलको गर्भ बोकेकी, अनिल डाक्टरी पढ्न पटना गएको यता ताराको स्थिति सार्वजनिक भएको र उसलाई अनिलकै घर हुलिएको, ताराले आफ्नो अटुट श्रम र सिपले सासू ससुराको मन परिवर्तन गर्न केही सफल भएकी, उता केटा खेलाउँदै हिँड्ने सोही गाउँकी धनी परिवारकी एक्ली सन्तान प्रतिभा सामान्य परिवारको पूर्णेसँग भागेर गोरख पुर गए पनि उससँग सन्तुष्ट नभएर हिँडेकी, उसले नर्सको जागिर खान थालेकी, सोही क्रममा ऊ पटना पुगेकी, त्यहाँ उसको अनिलसँग भेट भएको, पहिलै पनि अनिलसँग रोमान्स गरेकी एक्ली प्रतिभाले त्यहाँ सो कार्य बढाउँदै लगेकी, उनीहरू प्रेमी प्रेमिकाका रूपमा देखिएका, प्रतिभाले अनिलको गर्भ बोकेकी, अनिल ताराको चिठी पाई प्रतिभालाई छिट्टै फर्कने वाचा गरी छुट्टीमा घर आएको, छोरो खेलाउँदै गरेकी तारासँग अनिलका चार आँखा हुँदा दुबै खुसी भएका जस्ता प्रेमका आरोह अवरोहका विषय प्रसङ्ग यहाँ प्रस्तुत गरिएको छ । यस्तै विधवा नारी (तारा) ले गर्भ बोक्दा वा धनी घरकी छोरी (प्रतिभा) गाउँको सामान्य केटो (पूर्णे) सँग हिँड्दा गाउँघरमा हुने टीका टिप्पणी पनि यहाँ प्रसङ्गवश आएका छन् । छोटोमा भन्दा उपन्यासका ठाउँ ठाउँमा भेटिने युवा युवतीका भावुक प्रेमपरक संवाद, उनीहरूको यौन उत्तेजक व्यवहार र सम्भोगको वर्णन जस्ता कुराले यो साहित्यिकभन्दा पनि व्यावसायिक उद्देश्यले लेखिएको उपन्यासका रूपमा चिनिएको छ । दोस्रो उपन्यास 'मानवता' भने सेवामुखी भावनाको केन्द्रीयतामा प्रस्तुत गरिएको छ । यसको मूल विषय दीपकसँग सम्बद्ध छ । यो सानैदेखि सामाजिक सेवा वा मानवताको भावनाले भरिएको छ तर आफ्नै घर परिवार र समाज उसको अनुकूल हुन्न । वैयक्तिक आर्थिक उन्नति गर्न नसकेको हुँदा ऊ सबैतिरबाट उपेक्षित हुन्छ र त्यसले उसमा निराशा बढ्दै जान्छ । अन्ततः जोगीको भेष ग्रहण गरेर ऊ समाजबाटै हराएको विषय यसमा वर्णन गरिएको छ । उपन्यास सामाजिकताको बयान गर्दै अन्त्यमा आध्यात्मिक आदर्शतर्फ डोरिएको छ । पहिलोमा भन्दा यसमा सामाजिकता र वैचारिकता बढी उपयोग भएको हुँदा साहित्यिक मूल्यका दृष्टिले यो केही बढी महत्त्वको देखिन्छ ।

बद्री विनोद प्रतीकको पहिलो उपन्यास 'स्वीकार' मा पृथ्वी नारायण क्याम्पस पढ्दै गरेका युवा युवती (प्रताप र गौरी) प्रेमी प्रेमिकाका रूपमा परिवर्तित भएका तर पछि प्रेमीले अरूको कुरा सुनेर प्रेमिकाप्रति नकारात्मक हुँदै टाढिएको अनि फेरि पछि सबै यथार्थता बोध गरेर पुनः उही प्रेमिकालाई स्वीकार गरेको सुखान्त प्रेमकथा आएको छ । त्यस्तै दोस्रो उपन्यास 'झरेको पात' मा विनयसँग प्रेम गरी गर्भ बोके पनि अभिभावकको करबलले अर्कैसँग बिहे गरेर जानु परेको करुणाको करुण जीवन कथा

विषय वस्तुका रूपमा आएको छ । उपन्यासमा प्रेमी प्रेमिकाको वियोगको छटपटीलाई विशेष तारतम्य जुटाएर प्रस्तुत गरिएको छ । करुणाले विवाहित लोग्ने त्यागी प्रेमीकै खोजीमा हिँड्नु, प्रेमीले प्रेमिका अर्कैकी भइछ भन्ने ठानेर विक्षिप्त जस्तो हुनु अनि पछि समाज सेवामा लाग्न खोज्दा समाजका सामन्त, शोषक, पञ्च, मण्डलेहरूले आतङ्कित तुल्याउनु, प्रेमिका करुणाले प्रेमीको चिनोका रूपमा रहेकी छोरी हुर्काउन धेरै हन्डर व्यहोर्नु, सोही क्रममा ऊ विक्षिप्त भएर मर्नु जस्ता दुखान्तक प्रसङ्ग जुटाइएको छ । यसबाट उपन्यासमा प्रेमको सस्तो रोमाञ्चका विपरीत जीवनका पीडा, सन्त्रास र निराशावादी स्वर मुखरित तुल्याइएको छ तर पहिलोका अपेक्षा यसको औपन्यासिक गठन धेरै खजमजिएर पाठकलाई अलमलमा पारेको छ ।

जस बहादुर गुरुङ्को 'भुलको जिन्दगी' मा सन्तोषले शर्मिलालाई प्रेम गरेर गर्भ बोकाए पनि अभिभावकको करबलले अर्की केटी सुकमायासँग बिहे गर्ने भुल गरेको यथार्थता प्रस्तुत गर्दै अन्ततः सन्तोषले शर्मिलालाई पनि भित्र्याई वा बहु विवाहबाट उपन्यास सुखमा टुङ्ग्याइएको छ । अनिच्छित विवाहको निषेध र प्रेम विवाहको स्वीकृतिको अपेक्षा राखेको यस उपन्यासमा समाजको चर्को आर्थिक शोषणप्रति पनि नायक सुरजकै माध्यमबाट आक्रोश प्रदर्शन गरिएको छ । यसको रूप पक्ष भने सिकारु लेखकको जस्तो दुर्बल देखिन्छ ।

भूमिराज वस्ताकोटीको 'परिस्थिति' उपन्यासमा सुरज र अनिता अनि रुद्र र रमाको प्रेम विवाह नै मूल विषय बनेर आएको छ । सानैमा धनी परिवारको दुर्व्यसनी केटोसँग बिहे गरि दिएपछि लोग्ने दुर्घटनामा परेर मरेको हुँदा विधवा बनेकी अनितासँग सुरजले प्रेम विवाह (जङ्गलीको 'जीवनको एक भाग उपन्यासमा जस्तै) गरेको छ भने अनिताकै नन्द रमाले अन्तर्जातीय प्रेम विवाह गरेकी छ । यस क्रममा उनीहरूले परम्परित सङ्कीर्ण समाजसँग पनि निकै सङ्घर्ष गर्नु परेको छ । यसरी उपन्यासले अभिभावकको जोडबलमा गरिने परम्परित विवाहको निषेध तथा प्रेम विवाह, विधवा विवाह र अन्तर्जातीय विवाहको स्वीकृतिलाई आफ्नो मूल विषय बनाएको छ भने सामाजिक सङ्कीर्णता र शोषण दमनको सन्दर्भलाई सहायक विषय तुल्याएको छ । यसको प्रतिपादनको कला भने सामान्य सिकारु लेखकको जस्तै दुर्बल देखिएको छ ।

### ३.३ राजनीतिक विद्रोह चेतना

आख्यान वा उपन्यासमा राजनीतिलाई विषय वस्तु तुल्याउने प्रचलन प्रायः सर्वत्र पाइन्छ । नेपाली उपन्यासमा २००६ सालमा प्रकाशित 'वसन्ती' उपन्यासबाटै ऐतिहासिक राजनीतिक विषयले स्पष्ट प्रवेश पाएको हो । त्यसपछि देशमा विकसित विभिन्न राजनीतिक व्यवस्था (बहुदल, निर्दलीय पञ्चायत, बहुदल, काङ्ग्रेस, कम्युनिस्ट आदि) का पक्ष विपक्षमा आधारित भएर राजनीति विषयक उपन्यास लेख्ने परिपाटी थोरै नै भए पनि देखा पर्दै आएको छ । हुन त प्रायः धेरैजसो उपन्यासले समकालीन राजनीतिक असङ्गति र त्यसले समाज र राष्ट्रका विभिन्न क्षेत्रमा पारेको दुष्प्रभावलाई अप्रत्यक्ष प्रस्तुत गरेकै हुन्छन् तर राजनीतिक उपन्यासमा त्यसको प्रत्यक्ष प्रस्तुति देखिन्छ । यस्ता उपन्यासमा समाजका अन्य समस्या आए पनि ती राजनीतिक विषयका पक्ष र विपक्षमै उभ्याइएका हुन्छन् । विशेष गरी मार्क्सवादी वा प्रगतिवादी लेखन यतातर्फ डोरिएको देखिन्छ तापनि गैरमार्क्सवादीले पनि राजनीतिक उपन्यास लेखेको देखिन्छ । यो पनि एक किसिमको वैचारिक लेखन नै हो तर पोखरेली उपन्यासलाई हेर्दा यो मानवीय वा सामाजिक विषयमा भन्दा विशुद्ध राजनीतिक व्यवस्थाको पक्ष विपक्षमा बढी केन्द्रित रहेको पाइन्छ ।

राजनीतिलाई विषय बनाएर उपन्यास लेख्ने पोखरेली उपन्यासकारमा मुख्यतः भूपति ढकाल कमल, भास्कर र घनश्याम ढकाल देखिन्छन् । भूपति ढकाल 'कमलले नेपाल (स्याङ्जा, बुटवल, भैरहवा) र भारत (कलकत्ता, सुनौली, दार्जिलिङ्) को भौगोलिक परिवेशमा आधारित रहेर 'स्वदेसिएका जोडी' उपन्यास लेखेको पाइन्छ । यसमा राम बहादुर र प्रेममायाको कथा केन्द्रीय विषय वस्तुका रूपमा आएको छ । तत्कालीन पञ्चायती व्यवस्थाले संरक्षण गरेको सामन्ती समाजको नाइके साहु कृष्णभक्तको कुटिल शोषणको चक्रमा परेर विदेश पसेका राम बहादुर र प्रेममायाले भारतमा पनि गुन्डाहरूको चपेटामा परी अनेकन हन्डर व्यहोर्नु परेको छ । पछि अन्याय अत्याचारको विरोधी, मानवतावादी दिनेशले उनीहरूको उद्धार गरेर पुनर्मिलन गराइ दिएको छ । दिनेशकै सम्पर्कले राम बहादुर विद्रोही सङ्गठनमा सक्रिय हुँदै जान्छ र पछि साथीहरूको सल्लाह अनुसार स्वदेश फर्किन्छ । जे जस्तो दुःख गर्नु परे पनि आफ्नै देशमा गर्ने भनेर राम बहादुरको जोडी नेपाल आएपछि उनीहरू लगायत पीडित जनता उद्धार समितिका मानिसहरूलाई पञ्चायतका सञ्चालकहरूले अनेकन तिगडम रचेर दुःख दिन थाल्दछन् । नेपाल उठाऊ अभियान

(सादृश्य गार्फ अभियानसँग) का नाममा पञ्चहरूले आफ्ना विरोधी सखाप पार्ने प्रयत्न गर्छन् । सोही क्रममा कृष्णभक्त साहूले राम बहादुरलाई विष ख्वाएर मार्ने योजना गरे पनि त्यो सफल नभए पछि उल्टै उसैलाई प्रशासन लगाएर थुनाउँछ। त्यस्ता विभिन्न अत्याचारको प्रतिक्रिया स्वरूप स्याङ्जामा दश हजार जनताको जुलुस निस्केर आन्दोलन सफलताको शिखरमा पुगेको, त्यसपछि जनताले स्वतन्त्रतापूर्वक बाँच्ने अधिकार पाएका जस्ता स्थिति देखाएर उपन्यास टुङ्ग्याइएको छ । यसरी २०३६ सालको आन्दोलनको पृष्ठभूमि र त्यसको सफलताको राजनीतिक सन्दर्भलाई विषय बनाएर २०३७ सालमा प्रकाशित यस उपन्यासले मूलतः समकालीन राजनीति र अंशतः नेपाली समाजका विविध सामाजिक सङ्कीर्णतालाई प्रस्तुत गर्ने रचनात्मक काम गरेको छ तर यसको विषय सङ्गठन र अन्य रचना शिल्पमा खासै परिमार्जन हुन नसकेको हुँदा औपन्यासिक कलाका दृष्टिले कृति त्यति खँदिलो भने हुन सकेको पाइन्न ।

भास्कर (/भवानी प्रसाद पाण्डे) को पहिलो उपन्यास 'हाँडीको कनिका'मा पञ्चायत कालीन विविध विसङ्गतिहरूलाई नङ्ग्याउँदै सो शासन व्यवस्थाप्रति तीव्र रोष मुखरित गर्न खोजिएको छ । यस क्रममा तत्कालीन समाजमा देखिएका कामचोर र कमिसनखोर कर्मचारी, धुताहा, ठगाहा र तस्कर व्यापारी, संवेदनाशून्य तथा मानवता विरोधी डाक्टर, श्रम र नारी अस्मिता शोषक ठेकेदार, विभिन्न वितण्डा सिर्जना गर्दै हिँड्ने मण्डलेहरू र ती सबैका संरक्षक बनेका प्रहरी प्रशासनका दुर्नियतले भरिएका विभिन्न गतिविधिलाई विषय वस्तुका रूपमा बयान गरिएको छ ।

दोस्रो उपन्यास 'बन्दी आवाज'मा पञ्चायत कालका विभिन्न बन्दीहरूको व्यथामय कथालाई विषय वस्तुका रूपमा प्रस्तुत गरिएको छ । यस क्रममा धेरैजसो राजनैतिक बन्दीले व्यहोरेको पीडालाई उपन्यासले प्रस्तुत गरेको छ । यस्ता बन्दीमा थोरै काङ्ग्रेस र धेरै कम्युनिस्ट पार्टीप्रति प्रतिबद्ध देखिन्छन् । उपन्यासको विषयले बन्दीहरूको पीडा मार्फत पञ्चायत व्यवस्थाप्रति चरम घृणा त सर्वत्र प्रकट गरेकै छ साथै ठाउँ ठाउँमा काङ्ग्रेसप्रतिको रुखो आक्रोश व्यक्त गर्न पनि पछि परेको छैन (पृ.७५ र १४०-४३) । उपन्यास "कम्निष्ट बन्नु भनेको समाजको सबभन्दा उत्कृष्ट अवस्थामा पुग्नु ... हो" (पृ.१३३) भन्ने वैचारिक निष्कर्षमा केन्द्रित रहेर प्रकट भएको छ तर त्यसलाई परिपोषण गर्ने सामाजिक वा व्यावहारिक सन्दर्भ जुटाउनतिर त्यति लागेको पाइँदैन ।

तेस्रो उपन्यास 'अमर बस्ती' मुख्यतः कम्युनिस्ट पार्टीभित्रको आन्तरिक घातप्रतिघातको राजनीतिमा केन्द्रित छ। भिन्नभिन्न आन्तरिक मतभेदका कारण राजा परस्त, काङ्ग्रेस परस्त, संशोधन परस्त, उदारवादी, सुधारवादी, नरमपन्थी, गरमपन्थी जस्ता धारामा विभाजित हुँदै गएको नेपाल कम्युनिस्ट पार्टीमध्ये यो पुराना क्रान्तिकारीहरूको सङ्गठनसँग सम्बद्ध रहेको छ । यसमा सर्वाहाराकरण गर्ने पार्टी प्रस्तावका बारेमा छलफल हुँदा विभिन्न धारणा आए पनि त्यसलाई पहिलो पटक केन्द्रीय कमिटीमा लागू गर्ने निर्णय भएको र सोही निर्णयलाई कार्यान्वयन गर्न केन्द्रीय कमिटीका पाँच सदस्य (दर्वान, संघर्ष, रेवत, मन्दार र गरुड) आआफ्नै किसिमले क्रियाशील भएको कथा अलग अलग पाँच परिच्छेदमा प्रस्तुत गरिएको छ (थप जानकारीका लागि पौडेल, २०५५: २६-३५ ।

चौथो उपन्यास 'अचम्मको फैसला' मा राणा शासन १०४ वर्ष र पञ्चायत शासन ३० वर्षसम्म टिक्नुका पछाडि ती शासकमा साच्चीकै न्याय प्रियताको भावना पनि रहेको थियो भन्ने आशयको विषय प्रस्तुत गरिएको छ। यसले देशको विगतको राणा शासन र पञ्चायत व्यवस्थाको अप्रत्यक्ष वकालत गर्दै पुनः स्थापित बहुदलीय व्यवस्थाप्रति तीव्र रोष प्रकट गरेको पाइन्छ (थप जानकारीका लागि - पौडेल, २०५७ : २-३) ।

पाँचौं उपन्यास 'समर्पण'मा विद्रोही कम्युनिस्ट पार्टीमा लागेको प्रेम त्यस पार्टीको अतिशय महत्त्वाकाङ्क्षी र उद्दण्ड प्रवृत्तिका कारण काङ्ग्रेसमा पसे पनि पछि विद्रोहीहरूको सम्पर्कमा आई आत्मालोचना सहित पुनः सोही पार्टीमा समर्पण भएको विषय प्रस्तुत गरिएको छ। साथै यसमा एमाले र काङ्ग्रेस पार्टीलाई सकेसम्मको उछितो काँढ्ने र हदैसम्म गाली गर्ने काम पनि भएको छ।

यसरी समग्रमा हेर्दा भास्करका सबै उपन्यासको विषय राजनीति नै दखिन्छ । यिनको चौथो उपन्यास बाहेक अरू सबैमा मार्क्सवादी राजनैतिक दर्शनको गहिरो छाप पाइन्छ । त्यो छाप पहिलो उपन्यासमा अलि व्यापक मानवतावादी दर्शनको अनुकूल बनेर आएको छ भने दोस्रोमा कम्युनिस्ट पार्टी सापेक्ष बनाएर प्रस्तुत गर्न खोजिएको छ। तेस्रोमा कम्युनिस्ट पार्टीको एउटा धारसँग सङ्कुचन गर्न खोजिएको देखिन्छ भने पाँचौंमा सो सङ्कुचनलाई केही फुकाउँदै विद्रोही कम्युनिस्टसँग सम्बद्ध तुल्याएर

प्रस्तुत गरिएको छ। चौथो उपन्यासमा भने अन्य उपन्यासको स्थापनाभन्दा विपरीत वैचारिकता प्रकट भएको छ। यसले भास्करको राजनैतिक वैचारिक अन्तर्विरोधलाई देखाएको छ । औपन्यासिक गठनका दृष्टिले दोस्रो र पाँचौं उपन्यास केही व्यवस्थित देखिए पनि अरूको गठन दुर्बल देखिन्छ । रूपप्रतिको उदासीनता त उनी आफैले उपन्यासको भूमिकामा स्पष्टतः सकारेका पनि छन् । अर्को कुरा भास्करका विभिन्न उपन्यासको भूमिकामा व्यक्त कतिपय विरोधाभास र आग्रहपूर्ण धारणा अनि आफ्नै कथनी र करनीबिचको तालमेलको अभाव पनि विचारणीय बन्न पुगेका छन् ।

घनश्याम ढकालको 'गाउँभित्र' उपन्यासमा लेखक आफू जन्मे हुर्केर देखे भोगेको ग्रामीण परिवेश (स्याङ्जा जिल्लाको आँधीखोलाको सेरोफेरो) मा पञ्चयती राजनीतिले निम्त्याएको अन्याय अत्याचार, शोषण दमनको स्थितिलाई विषयबद्ध गर्न खोजिएको छ। प्रशस्तै पात्र प्रयोग गरिएको यसमा वसन्त सुवेदीलाई शोषक सामन्तको चेपुवामा परेको, विपन्न वर्गको तर स्वतन्त्रता आकाङ्क्षी नायक चरित्रका रूपमा र रुद्रनाथलाई पञ्चायती व्यवस्थाको आडमा गाउँमा अन्याय अत्याचारको आतङ्क मच्चाउने परम्परित सामन्तको प्रतिनिधिका रूपमा उपस्थित गरिएको छ । उपन्यास मुख्यतः यी दुई नायक र खल नायकको क्रिया प्रतिक्रियासँग सम्बद्ध भएर अगाडि बढेको छ । यही क्रममा पञ्चायती राजनीतिका कुरूपता उद्घाटित हुँदै गएका छन् । त्यस बाहेक ग्रामीण समाजका सदस्यहरूमा देखिने विभिन्न अन्ध विश्वास, आर्थिक दरिद्रता, विदेशी सेनामा भर्ती हुने चलन, नारीप्रतिको सङ्कीर्ण सोच, विपन्नलाई केही हुने खानेले हदैसम्म हेप्ने प्रवृत्ति जस्ता प्रशस्त सामाजिक कुसंस्कारहरूलाई पनि उपन्यासको विषय वस्तुमा समेटिएको छ । यस्तै भ्रष्ट कर्मचारी रमाकान्त, धर्मका नाममा ठगी गर्दै हिँड्ने वा पाखण्ड प्रदर्शन गर्ने कमल प्रसाद जस्ता अन्य चरित्र पनि प्रकट भएका छन् । वास्तवमा उपन्यासमा धेरै कुरा आएका छन् तर ती सुव्यवस्थित हुन सकेका छैनन् । योजनाहीन ढङ्गमा धेरै कुरा थुपार्न खोज्दा वा चयनात्मक सिप नदेखिँदा घटना प्रसङ्ग, पात्र र परिवेशलाई सङ्गतिपूर्ण ढङ्गमा नाटकीकृत गरेर प्रस्तुत गर्न नसक्दा अनि भाषाशैलीमा पनि मौलिक आकर्षण प्रकट नहुँदा यसको रूप पक्ष दुर्बल देखिएको छ ।

दोस्रो उपन्यास 'रातो आकाश'मा मुख्यतः माओवादी जनयुद्धको पृष्ठभूमि र युद्ध प्रारम्भ भएपछिको राजनैतिक परिवेशलाई विषय वस्तुका रूपमा उपस्थित गरिएको छ । अघिल्लोमा भन्दा यसमा राजनीतिक विद्रोह चेत प्रखर बनेको छ । यस्तै यसको सङ्गठन र रूप पक्षमा पनि अघिल्लोमा भन्दा विशेष ख्याल पुऱ्याइएको देखिन्छ तर यसको अतिविस्तृति पाठकका लागि गरुङ्गो बोझ बनेको छ । यसमा नेपाली वामपन्थीहरूको झापा आन्दोलनदेखि २०५८ साल (सङ्कटा काल) पूर्वको परिवेशलाई समेट्न खोजिए पनि २०४६ सालको जन आन्दोलन अगाडिको सन्दर्भ पृष्ठभूमिका रूपमा सङ्क्षेपमा आएको छ भने त्यसपछिको राजनीतिक सन्दर्भलाई नै मूल विषय बनाइएको छ। २०४६ सालको जन आन्दोलनले ल्याएको परिवर्तनपछि देशमा देखिएको काङ्ग्रेसको जगजगी, काङ्ग्रेसभित्र पुराना प्रतिबद्ध तर विपन्न मानिसले सांसदको टिकट नपाई नव प्रवेशीहरूले टिकट पाएको स्थिति, शासन सत्तामा उनीहरूकै हलिमुली, सत्ता परिवर्तनपछि जनताले अपेक्षा गरेका धेरै कुराहरू पुरा नहुँदा विभिन्न कोणबाट विरोध बढ्दै गएको, माओवादी वामपन्थीहरूले त्यसलाई सशक्त रूपमा उठाउन थालेका तर नव काङ्ग्रेसी (मणिकान्त) र पुराना काङ्ग्रेसी (योगेन्द्र) हरूले त्यसलाई पुलिस प्रशासन लगाएर रुखो ढङ्गमा दमन गर्न थालेका, दमन झन् झन् बढ्दै जाँदा विद्रोहीहरू पनि झन् झन् सङ्गठित हुन थालेका, माओवादीहरूले गाउँघरमा जुँवातास, जाँडरक्सी जस्ता दुर्व्यसन हटाएर, नारीहरूमाथिको अन्याय अत्याचारहरूको विरोध गरेर वा सामन्ती प्रवृत्तिहरूको भन्डाफोर गरेर जनतालाई सङ्गठित गर्दै लगेका, उनीहरूले साङ्गठनिक शक्ति विस्तार गर्दै लगेर विभिन्न अवरोध सिर्जना गर्न थालेपछि सरकारले "खोज र मार वा खोज, घेर र मार" जस्ता अभियान सञ्चालन गरेर क्रूरतापूर्वक दमन गर्न थालेको, माओवादीहरूले पनि छापामार युद्ध विकास गर्दै लगेका, गाउँ गाउँमा रहेका पुलिस चौकीमाथि आक्रमण गरेर तिनलाई विस्थापित तुल्याएका, बैक (कृषि विकास) लुट्ने, स्थानीय एकाइ (गाविस, वडा) का भवनहरू ध्वस्त पार्ने, आफ्ना विरुद्ध उभिने वा सुराकी गर्नेहरूलाई चेतावनी दिने, नमाने भौतिक कारवाही (हातखुट्टा भाँच्ने वा मार्ने) गर्ने, गैरसरकारी संस्थाहरूका माध्यमले वाम बुद्धिजीवीलाई विदेशी (अमेरिकी, बेलायती) साम्राज्यवादीहरूले भ्रष्ट तुल्याइ दिएका हुँदा तिनलाई आफ्नो प्रभाव क्षेत्रबाट लखेट्ने, दुर्गम क्षेत्रका ठुलै प्रहरी चौकीमा आक्रमण गरी प्रहरीलाई आफ्नो कब्जामा लिने, प्रशस्त हातहतियार लुट्ने, गाउँ र जिल्ला जनसरकार गठन गर्ने, परम्परित दसैं नमान्ने, साँस्कृतिक कान्तिमा अग्रसर हुने, फागुन १ लाई नयाँ वर्ष र १४-२१ लाई बलीदान दिवशका रूपमा मनाउने जस्ता माओवादीका राजनीतिक कार्यकलापलाई यसले विषय वस्तु तुल्याएको छ । जिल्ला जन सरकार गठनको

उत्साहसँगै उपन्यास टुङ्ग्याइएको छ ।

उपन्यास माओवादीको पक्षधर बनेर प्रकट भएको छ । पञ्चायती सत्ता पतनपछिको बहुदलीय सरकारले जन भावना अनुरूपका जन हितकारी कार्य खासै सञ्चालन गर्न नसक्नु, माओवादी विद्रोहको प्रयत्नलाई राजनैतिक ढङ्गमा सच्याउनतिर नलागी पुलिस प्रशासनलाई जिम्मा दिनु, पुलिस प्रशासनले त्यसलाई अविवेकी ढङ्गमा दमन गर्न खोज्दा झन् झन् चर्किनु, त्यसले विद्रोहीहरूलाई सङ्गठन विस्तार र प्रभाव फैलाउन धेरै सजिलो हुनु (पृ.१९७) जस्ता नेपाली राजनीतिका केही पक्षलाई यसले बौद्धिक इमान्दारीका साथ प्रस्तुत गरे पनि अरू धेरै पक्षमा सो इमान्दारिता कायम राख्न सकेको पाइँदैन । माओवादी पार्टी साहित्यका आफ्नै किसिमका अनुशासन र आग्रहको लिकमा प्रकट हुनु पर्दाका प्रशस्त लेखकीय वाध्यताले यसलाई एकाङ्गी स्वप्न द्रष्टा जस्तो बन्नु परेको हुन सक्छ । नत्र जन निर्वाचित सरकारको कुबुद्धि र प्रहरी प्रशासनको बर्बरता देख्ने लेखकीय चेतनाले माओवादीबाट सिर्जना गरिएको नव बर्बरताको त्रासदीयता पनि प्रशस्त देख्नु र अनुभव गर्नु नै पर्ने हो । हुन त उपन्यासको नायक अविरलमा यदाकदा देखिने त्यसप्रतिको तार्किक सतर्कता, पार्टीको तलतिर (छापामार दलको कमान्डर) को उद्दण्ड झपट सिंहलाई श्रम शिविरमा पठाइएको प्रसङ्ग र उपन्यासकै अर्को लेखक पात्रले प्रस्तुत गरेका केही अवधारणाबाट त्यसलाई लेखकीय चेतनाले देखेको हो भन्ने सामान्य सङ्केत त गरिएको छ तर त्यो सङ्केत अर्को सन्दर्भको सापेक्षतामा नाम मात्रको बनेको छ । लेखकद्वारा जानी जानी वा नजानेर वा जानेर पनि परिस्थितिवश गरिएको यस्तो एक कोणको मात्रै सघन प्रस्तुतिले उपन्यासलाई व्यापक मानवतावादी स्तरमा उठ्न दिएको देखिन्न । अलि व्यापक दृष्टिले हेर्दा निकै श्रम लगाएर निर्माण गरिएको समकालीन जटिल राजनीतिक सन्दर्भमा आधारित यसको यस्तो एकाङ्गीपनले यसको मात्रै अवमूल्यन नभई नेपाली उपन्यास साहित्यकै समृद्धिमा नहुन पर्ने खति भएको छ । तर साँघुरो घेरामा रमाउनेहरूका लागि त्यत्ति सङ्केत पनि बढी हुन सक्छ र यत्ति सङ्केत गरे बापत लेखकले पार्टी पङ्तिबाट चर्को दवाव खेप्नु पर्ने स्थिति निर्माण हुन पनि सक्छ । जे होस् यो उपन्यासकारको कमजोरीभन्दा पनि सीमित दायराको पार्टी साहित्य निर्माण गर्ने वा पार्टी निर्देशित साहित्य निर्माण गर्ने सबैजसो लेखकको कमजोरी हो । सौन्दर्य वर्गीयभन्दा अझ सङ्कुचित घेरा (पार्टीको धार विशेषमा) मा सीमित गर्ने प्रयत्न निश्चय नै अलग्गै विवादको विषय हो तापनि के चाहिँ भन्न सकिन्छ भने सिर्जना जति साँघुरो स्वार्थपूर्ण घेरामा जकडिन्छ त्यो त्यति नै अनुदार र एकाङ्गी बनि रहेको हुन्छ ।

यसको यो एकाङ्गी पक्षलाई छाडेर हेर्ने हो भने ढकालको पहिलो उपन्यासभन्दा यसमा उपन्यास विधा चेतना बढी स्पष्ट बनेर आएको छ । नेपाली साहित्यमा माओवादी विद्रोहको पक्षधर भई खुलेर लेखिएको यो पहिलो मोटो उपन्यास पनि हो । यसले नेपाली राजनैतिक इतिहासको एउटा सन्त्रासपूर्ण क्षणलाई एकाङ्गी रूपमै भए पनि उपन्यस्त गरेर पछिल्ला पुस्तालाई सुरक्षित तुल्याइ दिएको छ। यसको आफ्नै किसिमको वैचारिकता, तार्किकता, वर्गीय पक्षधरता, भविष्यप्रतिको आशावादीता, वर्तमान नव लेखनका अस्पष्ट, दुर्बोध्य र अशृङ्खलित लेखनका सापेक्षतामा स्पष्ट, बोध्य र शृङ्खलित जस्ता कुरा उल्लेखनीय नै मान्न सकिन्छ । यसो भन्दाभन्दै पनि यसमा देखिने एकै किसिमको कथ्य सङ्केतक प्रसङ्गहरूको पुनरुक्ति वा चयनात्मक सिपको दुर्बलता, तथ्य प्रक्षेपणमा ठाउँ ठाउँमा देखिने कल्पना र कलाशून्य शुष्कता, चरित्रको स्तरलाई ख्याल नगरी बकाइएका लामा लामा वैचारिक सम्भाषण, व्यक्ति र समाजका सदस्यहरूकै दैनिन्दिनीहरूबाट अभिव्यङ्ग्य हुन नसकेको विचार, सरलता रहे पनि साहित्यिक सरसता खासै विकास गर्न नसकिएको भाषा जस्ता कुराले सङ्ग्रन्थित यस बृहत् कायको उपन्यास स्वतन्त्र पाठकका लागि त्यति धेरै रुचिकर बन्न नसक्ने कटु यथार्थ पनि यहाँ बिर्सन सकिन्न । अर्को कुरा यसले प्रस्तुत गरेको समकालीन परिवेशको भयावह सन्दर्भ पोखराकै अर्का उपन्यासकार सरुभक्तको यसभन्दा दुई वर्ष अगाडि (२०५८ सालमा) प्रकाशन भएको 'समय त्रासदी' उपन्यासमा पनि आइ सकेको देखिन्छ। सरुभरुक्तले त्यसमा राष्ट्रिय अन्तर्राष्ट्रिय क्षेत्रमा देखा पर्दै गएको धर्म, राजनीति जस्ता अनेकन बहनामा हुने गरेको नरवधको भयावहतालाई व्यापक मानवतावादी चेतनाले भरेर प्रयोगशील शिल्प सहित प्रकट गरेको पाइन्छ (थप जानकारीका लागि यसै लेखको शीर्षक ३.४) तर यो सीमित राजनीतिक सन्दर्भमा मात्रै अडेको छ । यसको मौलिकता वा सीमा जे भने पनि त्यही बनेको छ ।

ढकालकै समयमा २०५७ सालमा सुकुम शर्माको 'सङ्घर्षशील युवाको डायरी' नामक लघु कृति देखा परेको छ । ५x७" आकारका जम्मा ४९ पृष्ठमा विस्तारित यसमा निम्न बैतनिक पिउनको पीडालाई डायरीको शैलीमा जम्मा ९ परिच्छेदमा प्रस्तुत गरिएको छ । पिउनको जागिर पनि छुटे पछि सुमन जनयुद्धमा लागेर सहिद भएको हुँदा मित्रप्रति शर्माले यस कृति मार्फत श्रद्धा व्यक्त गर्न खोजेको देखिन्छ । लेखकले यसलाई लघु उपन्यास भने पनि वास्तवमा यसमा विषयलाई त्यसरी उपन्यस्त गरिएको

पाइँदैन । यसको अनुभूति स्वयं लेखकलाई पनि रहेको कुरा उपन्यासकै "मेरा भनाइ" मा सकारेका छन् । त्यसैले आफ्नो सहिद मित्रप्रति विशृङ्खलित शब्द श्रद्धा नै यसमा बढी देखिएको छ ।

यसपछि नेपाल प्रकाश अधिकारीले 'गणतन्त्रको गर्जन' (ऐतिहासिक उपन्यास) प्रकाशित गरेको पाइन्छ । यसमा २०५८ सालको राजदरबार हत्याकाण्ड र २०६२/०६३ को जन आन्दोलन-२ का कारण राजा ज्ञानेन्द्रले विवश भई विघटित संसदलाई पुनर्स्थापनाद्वारा सत्ता आन्दोलनकर्मीलाई बुझाएको घटना प्रसङ्ग प्रस्तुत गरिएको छ । उपन्यासमा तत्कालीन घटनाहरूका विवरण प्रशस्त प्रस्तुत गरिएको छ । ती विवरण तत्कालीन पत्र पत्रिकाहरूमा आए अनुसारकै छन् । घटना प्रसङ्गहरूलाई आख्यानीकरण गर्न त्यति सकिएको छैन । त्यसले गर्दा कृतिका कतिपय स्थल पत्रिकामा पत्रकारहरूले प्रस्तुत गरेका रिपोर्ट जस्ता बनेका छन् । यो कुरा लेखक स्वयंले "आफ्ना कुरा"मा सकारेको पनि पाइन्छ ।

डिमाइ साइजका जम्मा १४० पृष्ठ (भूमिका, मन्तव्य बाहेक) को यस कृतिमा दुई खण्ड छन् । पहिलो खण्ड (पृ.१-९८) मा राजदरबार हत्याकाण्ड र त्यसका बारेमा भएका टीका टिप्पणीहरू प्रस्तुत गरिएको छ भने दोस्रो खण्ड (पृ.९९-१४० सम्म) मा जन आन्दोलन-२ को सन्दर्भ प्रस्तुत गरिएको छ । पहिलो खण्डको विषय नौ परिच्छेदमा व्यवस्थित गरिएको छ भने दोस्रो खण्ड सात परिच्छेदमा व्यवस्थित गरिएको छ । कृतिमा विषयलाई आख्यानीकरण गर्न देविशा र जनमतलाई नायिका नायकका रूपमा प्रस्तुत गरिएको छ । युवा पुस्ताका यी दुबै राजा ज्ञानेन्द्रका विपक्षमा देखिएका छन् । विशेषतः २०५८ सालको राजदरबार हत्याकाण्डपछि नेपाली जन मानसमा छाएको राजतन्त्रप्रतिको घृणाको भाव मुखरित हुँदै गएर जन आन्दोलन-२ मा अभिव्यक्त भएको छ । जन आन्दोलन-२ अन्ततः गणतन्त्रका पक्षमा उभ्भिएको छ । त्यसैका लागि गोन्गबुमा नायक जनमत सहिद बनेको थियो भने नायिका दिविशा पनि जन आन्दोलनकी घाइते बनेकी छ । यस्ता सहिद र घाइते धेरै बनेका छन् । उनीहरू सबैको कामना "नेपालमा सङ्घीय गणतन्त्रात्मक राज्य होस्, हामी मरे पनि यो देश बाँचि रहोस् (पृ.१४०)" भन्ने नै देखिन्छ । उपन्यासमा प्रसङ्गवश अमेरिकी राष्ट्रपति रुजबेल्ट र उनकी प्रेमिका मिस्सीको प्रेम कहानी पनि आएको छ । विशेष गरी राजदरबार हत्याकाण्डसँगै नेपाली सञ्चार जगत्मा छाएका धेरै सूचना र त्यस्तै जन आन्दोलन-२ का घटना सन्दर्भहरू यसमा सरल र प्रवाहपूर्ण शैलीमा संयोजित गरिएको छ । तिनमा लेखकीय अन्तर्दृष्टि वा मानवीय संवेदनाका कुरा वा सूक्ष्म दृष्टिघनत्व पर्याप्त थप्न सकेका भए कृति समकालीन नेपालको राजनीतिक इतिहासलाई सुरक्षित गर्ने अझ सबल उपन्यास बन्ने थियो । तर लेखन कालको सुरुमै त्यस किसिमको सक्षमता प्राय धेरैमा पाइन्न र पनि राजतन्त्र विरोधी गणतन्त्रको गर्जन गर्ने समकालीन ऐतिहासिक तथ्यलाई औपन्यासिक रूपमा विन्यस्त गरेर सुरक्षित गर्न खोज्ने यसको सकारात्मक प्रयत्न रहेको छ ।

## ३.४ प्रयोगशीलता

साहित्य सिर्जनात्मक वस्तु भएको हुँदा यो मौलिक हुन्छ वा हुनु पर्छ । मौलिकता परम्परित लेखन ढाँचामै रहेर वा त्यसलाई अस्वीकार गरेर पनि प्रस्तुत गर्न सकिन्छ । यसो भए पनि कतिपय समर्थशाली सर्जक परम्परित ढाँचा र ढर्राभित्रको मौलिकताबाट सन्तुष्ट हुन्नन् र आफूभित्रको रचनात्मक विद्रोह उजागर गर्न उनीहरूले नयाँ नयाँ विषय र शिल्पको सन्धान गर्दछन् । आधुनिक नेपाली साहित्यका सबै विधामा यस्तो प्रवृत्तिको उपयोग देखिन्छ । पोखरेली उपन्यास लेखनमा यसलाई अर्थपूर्ण ढङ्गमा भित्र्याउने र विकास गर्ने काम सरुभक्त (२०१३) बाट भएको पाइन्छ ।

सरुभक्तको पहिलो उपन्यास 'एक अविनवको आत्मकथा' नै प्रथम प्रयोगशील लघु उपन्यास हो । यसको विषय वैज्ञानिक छ भने प्रस्तुति स्वैर काल्पनिक देखिन्छ । यसमा वैज्ञानिक चेतनामा आधारित हिमयुगको कथा सिर्जना गरिएको छ । यस क्रममा आणविक युद्धका कारण पृथ्वीमा मानिसले आफू र आफ्नो सभ्यता संस्कृति प्रायः सबै समाप्त पारे पनि उसैद्वारा निर्मित विभिन्न अविनव (कृत्रिम तर संवेदनशील ए क्लासका मानव) र यामा (यौनग्रन्थि रहित, कम संवेदनशील तर बलिया बि क्लासका यान्त्रिक मानव) हरू अस्तित्वमा रहेका, अविनव १०० ले उनीहरूबिच समन्वय गरेर समाजको विकास गर्न र आफ्ना जनक मानिसलाई ईश्वरका रूपमा स्थापित गर्न चाहेको तर सानातिना कुरामा झैँझगडा बढ्दै गएर अन्ततः उनीहरूबिच देव र दानवको जस्तो जातीय अस्तित्वको ठूलो संहार मच्चिएको, देवलोक र असुर लोक झैँ उनीहरूले पनि फरक फरक बस्ती बसालेका, अविनवहरूबिच पनि बेलाबेलामा सत्ता सङ्घर्ष देखिएको, झगडाको बिउ एउटा नारी (अविनव ५०) लाई दुई प्रेमी

(अविनव ७० र यामा ४१) ले चाहनु तर एउटाले भगाएर लानुबाट सुरु भएको जस्ता प्रसङ्गहरू विषय वस्तुका रूपमा संयोजन गरिएको छ ।

यसले मानव विकास क्रममा देखिएका सिर्जना र संहारका विभिन्न घटना क्रम र मानव चेतनाको स्वार्थी, मैमत्ता र सङ्कीर्ण स्वभावलाई अनि राणा कालदेखि सुरु भएको सत्ता सङ्घर्ष र त्यसले निर्माणभन्दा विनाश बढी भित्र्याएको नेपालीहरूको दुःखद यथार्थलाई पनि अप्रत्यक्ष ध्वनित गरेको पाइन्छ । चन्द्रमामा औद्योगिक बस्ती बसाल्नु, अन्य ग्रहहरूको भौतिक सम्पदाको दोहन कार्य प्रारम्भ हुनु, व्यक्ति अवचेतन मनसँग कुराकानी गर्न सकिने प्रविधि विकास हुनु जस्ता कुराले विज्ञानको भावी सम्भावनाको सङ्केत गरिएको छ । साथै उपयोगिताको महायात्राबाट निराश भएको अविनव १०० मृत्युको महायात्रामा निस्किएपछि हिउँले पुरिएर मृत्युको सङ्घारमा पुगे पनि विज्ञान र प्रविधिले सुसम्पन्न बहु राष्ट्रिय अनुसन्धान दलले उसको उद्धार गर्न समर्थ हुनुले एकातिर विज्ञान र प्रविधिको विकास जीवनका लागि अभिशाप नभई वरदान नै हो भन्ने तथ्य व्यङ्ग्य भएको छ भने अर्कातिर लेखकको जीवनवादी दृष्टि पनि प्रतिध्वनित भएको छ । निश्चय नै यसको वैज्ञानिक चेत सहितको स्वैर काल्पनिक विषय कतिपय ठाउँमा अस्पष्ट, दुर्बोध्य र बढी बौद्धिक बनेको छ तापनि त्यो मानव सभ्यताको विकासका क्रममा देखिएका कतिपय सङ्कीर्ण द्वन्द्वपूर्ण यथार्थता र मानवको भष्मासुर वा क्षुद्र मनोवृत्तिकै अभिव्यञ्जक बनेर आएको हुँदा प्रयोगशील राम्रै कलाका रूपमा संस्थापित हुन पुगेको छ । यसका अप्रत्यक्ष सङ्केतहरूले पाठक आफैलाई पनि प्रशस्त अनुकल्पना गर्ने आधार भूमि निर्माण गरि दिएको छ । जस्तो मन र मस्तिष्कबाट वस्तु सिर्जना गरिन्छ त्यसमा सोही गुण प्रसार हुन्छ भन्ने सन्दर्भलाई मानव र उसैबाट सिर्जित अविनव र यामाका क्रियाकलाप मार्फत प्रस्तुत गरिएको यस उपन्यासमा सिर्जनशील मानिसलाई प्रथमतः आफ्नै मन र मस्तिष्कको परिष्कार गर्न सचेत गराइएको छ । साथै मन र मस्तिष्कको वा विज्ञान र ईश्वरीय विश्वासको संश्लेषण वा सबै जातिहरूबिचको समन्वयको अपेक्षा पनि यसमा देखिन्छ । यस्ता सबै पक्षको समन्वयकारी चेतना संस्थापित गर्न सक्ने परिष्कारपूर्ण मन र मस्तिष्कको अपेक्षा गर्ने वैचारिकता र नवीन शिल्पको संश्लेषणका कारण सरुभक्तको यो पहिलो उपन्यास भए पनि नेपाली उपन्यास परम्परामै उल्लेखनीय प्रयोगशील विज्ञान उपन्यास बन्न पुगेको छ ।

दोस्रो उपन्यास 'पागल बस्ती'मा पनि वैचारिकता र स्वैर काल्पनिकताले अझ बढी महत्त्व पाएको देखिन्छ । यसमा देखिने पागल बस्ती यथार्थ समाज होइन । त्यहाँ देखिने व्यवस्थित र समतामुखी आदर्श समाज वा त्यस समाजका पात्रहरूका विभिन्न विशिष्ट कार्यकलाप पनि अन्य समाजका यथार्थ होइनन् । ती सबै स्वैर काल्पनिक हुन् । ती सामाजिक यथार्थभन्दा भिन्न छन् । भिन्न तुल्याउनु नै त्यस बस्तीको जनक, सञ्चालक र नियन्त्रक प्रशान्तको उद्देश्य देखिन्छ । त्यसबाट उपन्यासमा वर्तमान यथार्थ जीवनको अपूर्णतालाई राम्रैसँग प्रतिध्वनित गरिएको छ । त्यो अपूर्णताको सङ्केत नेपाली समाजमा मात्रै सीमित नभई विश्वव्यापी बनेको छ ।

उपन्यास मार्था र प्रशान्तको दुर्घटित प्रेम कथा वा भनौं प्रशान्तको अहंवादी र मार्थाको प्रेमवादी दर्शनको द्वन्द्व सङ्घर्षको कथा बोकेर ठुलो नदी बगे झैं अगाडि बढेको छ । बिचमा अन्य अर्थपूर्ण प्रसङ्गहरू पनि थपिँदै आएका छन् । ती सबैले प्रकारान्तरले समग्र मानव चेतना र उसको प्रवृत्तिमा देखिएका असङ्गति, त्रुटि र कुरूपतालाई व्यङ्ग्य गरेको देखिन्छ । उपन्यासको व्यतिरेकी व्यञ्जना (सद्देलाई पागल सिद्ध गर्ने समाज) ले झन् त्यसलाई बढी आकर्षक र मर्मस्पर्शी तुल्याइ दिएको छ । यस बाहेक यसमा देखिने आफ्नै किसिमको बौद्धिकता, तार्किकता, द्वन्द्वात्मकता, कुतूहलता, सूक्तिमयता, पात्रको आआफ्नै किसिमका तर्कपूर्ण निजात्मकता जस्ता कुराले यसको औपन्यासिक कला धेरै माथि उठाएका छन् ।

तेस्रो उपन्यास 'तरुनी खेती'मा समाजमा विकसित भट्टी संस्कृति र पुरुष प्रधान समाजका पुरुषहरूको नारीप्रतिको हीनतम मनोवृत्तिलाई अभिव्यञ्जित गर्न खोजिएको छ । यसैका लागि पुरुषले पत्नीलाई किनिएकी तरुनी खेतका रूपमा र पत्नीबाट जन्मिएका छोरीहरूलाई फाइदाका निम्ति बेचिने बोट विरुवाका रूपमा लिने गरेको वा नारीलाई पुरुष उपभोग्य वस्तु मात्र ठान्ने गरेको वास्तविकतालाई प्रतीकात्मक कथनद्वारा प्रस्तुत गरिएको छ । यसै क्रममा उपन्यासको अन्त्यतिर प्रेमीको मर्म र महत्त्व नबुझ्ने जड समाजप्रति प्रेमी पात्रका माध्यमबाट आक्रोश पनि प्रकट भएको छ । प्रेमी पात्र र उसको प्रतीक्षारत प्रेम दर्शनको सिर्जनाले उपन्यासलाई हलुङ्गो हुनबाट धेरै नै जोगाएको छ ।

चौथो उपन्यास 'समय त्रासदी'मा दोस्रोमा जस्तै सुरुका केही परिच्छेद (१-१३) मा सामाजिक यथार्थतालाई प्रत्यक्ष प्रस्तुत गरिएको छ भने त्यसपछि स्वैर काल्पनिकताको उपयोग गर्दै वर्तमान युग जीवनको विद्रूप यथार्थलाई अभिव्यञ्जित गर्न खोजिएको

छ। उपन्यासले मुख्यतः २०४८ देखि २०५८ पूर्वको नेपाली समाजका र अंशतः लामो समयमा विकसित हुँदै आएका अन्तर्राष्ट्रिय क्षेत्रका त्रासद परिस्थितिलाई विषयबद्ध गरेको पाइन्छ। यस क्रममा समाज दिन प्रतिदिन संवेदनाशून्य बन्दै गएको हुँदा उपन्यासमा त्यस्ता त्रासद परिस्थितिलाई एकदमै खरो र मुखर किसिमले प्रस्तुत गरिएको छ। यहाँ देखिने समाजका पुरुष मात्रै नारी पीडक नभई नारी पनि पुरुष पीडक छन्। प्रेम विवाह गरेका मायाको जोडी र सागरको जोडीले लामो जीवन बिताउन सकेका छैनन्। मायालाई उसको प्रेमीले र सागरलाई उसकी प्रेमिकाले धोका दिएका छन्। फलतः माया र सागरले आआफ्ना प्रेमी प्रेमिकालाई गिँडेर सन्तान सहित घृणा लोकको विचरण गर्न पुगेका, त्यहाँ छोराछोरीले हैरान पार्न थाल्दा र पैसाको लोभ बढ्दै जाँदा आफ्नै सन्तान त्यस नरभक्षी समाजका कसाइलाई बेचि दिएका, त्यसपछि जीवनभर पछुतोमा परेका, अन्ततः त्यस समाजको बर्बर शासकको चपेटामा परेर सागर मरेको र माया बौलाएकी जस्ता जीवनका त्रासद स्वैर कल्पनाको प्रयोग गरेर उपन्यास बुनिएको छ। नरभक्षी घृणा लोकको वधशाला, विभिन्न मासु पसलमा हिन्दू, मुस्लिम, बौद्ध, क्रिस्चियन, काला, गोरा, आर्य, मंगोल जस्ता जाति, धर्म, वर्ण, सम्प्रदायका ब्वाइलर कुखुरा खुइलाएर झुण्डाए जस्ता अलग अलग सिङ्गा सिङ्गा लास, त्यस्तै यौनाङ्ग मात्रै बेच्न राखिएका पसलहरू, सार्वजनिक अदालतले ढुङ्गा हानी हानी वा शरीरको मासु काटी काटी मार्ने भनी गरेका फैसला र सोही अनुसारको आचरण जस्ता अनेकन स्वैर कल्पनाले उपन्यासमा भयानक र वीभत्स भावधारा प्रवाहित भएको छ। ठाउँ ठाउँमा पाठकलाई लेखकबाट यति हदसम्मको विद्रूप कल्पना पनि गर्न सम्भव हुन्छ भन्ने लाग्छ तर उपन्यास प्रकाशित भइ सकेपछि झन् झन् यस मुलुकमा मानवता विरोधी नव बर्बरता छरपस्ट भएको देख्दा, सुन्दा र अप्रत्यक्षतः व्यहोर्नु पनि पर्दा उपन्यासका विद्रूप स्वैर कल्पना यथार्थकै प्रतिरूप बनेका पाइन्छन्। हो, उपन्यासका कतिपय घटना प्रसङ्गहरूको संयोजनमा नहुन पर्ने केही त्रुटि भएका छन् तर समकालीन विद्रूप यथार्थलाई यसले जति नजिकबाट आत्मसात गरी त्यसको निश्शेष चित्र खिच्न जुन शिल्प सन्धान गरेको छ त्यो निश्चय नै नेपाली उपन्यासका लागि उल्लेखनीय उपलब्धि बनेर रहने छ।

भूमिराज बस्ताकोटीको २०६८ सालमा प्रकाशित ‘निर्मोचन’ उपन्यास प्रयोशीलताको अर्को उदाहरण बनेको छ। डिमाइ साइजका जम्मा १३८ पृष्ठ (भूमिका, मन्तव्य बाहेक) मा फैलिएको यस उपन्यासमा प्रसङ्ग परिवर्तनका लागि चिन्ह प्रयोग पनि गरिएको छ। उपन्यासको विषय समकालीन युग जीवनका सानातिना घटना प्रसङ्गहरूको सङ्कलन जस्तो बनेको छ। यस क्रममा म पात्र वा पृथ्वीको आफ्नो जीवन वृत्तान्त वा उसले आफ्ना जीवनमा देखे भोगेका विविध घटना प्रसङ्ग जोड्दै जोड्दै लगेर उपन्यासको आकार दिइएको छ। यही क्रममा राज्यपक्षको ज्यादती वा सेनाको क्रूरतापूर्ण व्यवहार देखेर कम्युनिस्ट पार्टीप्रति झुकाव भएको अग्रहरि वा अग्रगामी चरित्र माओवादीमा लागेर जङ्गल पसेको छ तर त्यहाँ पनि कमान्डरको क्रूरतापूर्ण व्यवहार, उसको आर्थिक अपारदर्शिता र मानवीयताशून्य सङ्गठनको गतिविधि देखेभोगेर पछि अलग्गिएको छ। त्यसपछि उसको सङ्गत अध्यात्मवादी स्वामीतिर बढ्दै गएको छ। स्वामीका आध्यात्मिक दृष्टिकोणले उसलाई बढी तानेको छ र ऊ मार्क्सवादको अपूर्णता देख्न थाल्छ। मार्क्सवादी भौतिकवाद र अध्यात्मको फ्युजन गरेर नयाँ दृष्टिकोणको निर्माण उसको काम्य विषय बनेको छ। त्यसैका लागि ऊ स्वामीका पछि लागेको छ। नेपालका धेरै मार्क्सवादीहरूको अन्ततः हुने वैचारिक ढल्काइलाई यसले प्रतिनिधित्व गरेको छ। उपन्यासमा अग्रगामीकै चरित्र निर्माणका क्रममा माओवादी द्वन्द्व कालीन परिवेश तानिएको छ। माओवादीमा लागेका इमान्दार विप्लवको राज्य पक्षले गरेको हत्या, दोरम्भाको सामूहिक हत्या, माओवादीले मच्चाएका गाउँघरका भाते कारवाही, सांस्कृतिक आतङ्क (गोरु काटेर खाने), शिक्षक मुक्तिनाथको हत्या, चितवनको माडीमा गरिएको सार्वजनिक बस नर संहार जस्ता धेरै प्रसङ्ग सान्दर्भिक बनाएर ल्याइएको छ। यस्तै गोविन्द राज भट्टराईको ‘सुकरातका पाइला’ उपन्यासको मृत्यून्मुखी अनन्त पात्रलाई जीवनवादी बनाएर विनिर्माण गरिएको पनि छ। पोखराको परिवेश र त्यहाँ भेटिएकी एलिनासँगको सङ्गतले ऊ परिवर्तित भएर एलिनासँग विवाह गरी आफ्नो गाउँ फर्केको छ र त्यहाँ लोग्ने स्वास्नी दुबै कलेजमा पढाएर गृहस्थी जीवन बिताइ रहेको देखाइएको छ।

यी बाहेक उपन्यासमा युवापुस्ताको दृष्टिकोण र जीवन शैली, विवश नारीहरूले अवलम्बन गरेको यौन पेसा, म/पृथ्वीका दोकानमा आउने थरिथरिका पात्र र तिनका अनौठा अनौठा चरित्र, म पात्रकै बाल्य तथा किशोर कालीन उट्पट्याङ, युवाकालमा उसले गरेको पढाइ लेखाइको पौरख र जागिर नपाई बेरोजगार भएर बस्नु पर्दाका कुण्ठा जस्ता कुराहरू उपन्यासमा आएका छन्। यस्तै स्वैर काल्पनिक मौनकोटको केही चर्चा पनि रहेको छ। उपन्यासमा धेरै थोक छन् तर ती प्रकीर्ण छन्। म, अग्रगामी र अनन्तको कथा पनि टुङ्गिएको छैन। उपन्यासको अन्त्यमा दिइएको जानकारी अनुसार यो त उपन्यास लेखनको

पृष्ठभूमि मात्रै हो । "मैले अझै देख्नु छ । मैले फेरि लेख्नु छ । अग्रगामीको पुनरागमन र अनन्तको भविष्य कुन रूपमा देखिन्छ । त्यसलाई म बुद्धिको आँखीझ्यालमा हृदयको दुरबिन लगाएर हेरि रहेको हुने छु (पृ.१३८)" भन्ने लेखकको भनाइले पनि खास उपन्यास अब लेखिने छ भन्ने बुझिन्छ ।

बस्ताकोटीले पहिलो उपन्यासमा भन्दा यसमा राम्रै गुणात्मक फड्को मारेको देखिन्छ । समकालीन नेपाली उपन्यास लेखन परम्परालाई पढेर यसको निर्माण गरिएको छ । यसको लेखनमा अगाडिको भन्दा दृष्टि घनत्व पनि धेरै समृद्ध बन्दै गएको छ । त्यो कुरा यस उपन्यासमा देखिने स्वामी र अनन्तको चरित्र निर्माणबाट सहजै बोध गर्न सकिन्छ । आख्यानबाट अधिआख्यानतर्फको प्रयत्न पनि यहाँ देखिन्छ ।

यसको निर्माणमा पछिल्ला नेपाली उपन्यासहरूको प्रत्यक्ष परोक्ष प्रभाव देखिन्छ । जस्तै यहाँका मौनकोटका प्रेमबस्ती, भ्रमबस्तीका सन्दर्भ 'पागल बस्ती'मा, छोराछोरी चाहेको बेलामा बाबुआमाले मार्न पाउनु पर्छ भन्ने सन्दर्भ 'समय त्रासदी'मा, पात्र १, २, ३, ४ का सन्दर्भ 'फुलको आतङ्क'मा, यथार्थ पात्र प्रयोग र पात्र पुनर्निमाणको सन्दर्भ 'शरणार्थी' मा देख्न सकिन्छ । राम्रो लेखनबाट सिकेर अझ राम्रो बनाउने प्रयत्न हुनु पर्दछ तर अझ राम्रो बनाउन सक्छु भन्ने आत्म विश्वास उपन्यासकारमा अझै बनि सकेको पाइँदैन । त्यसको दरो आधार भनेको जसको उपन्यासको पात्रको विनिर्माण गरिएको छ उसैबाट प्रशंसात्मक भूमिका लेखाएर आफू सुरक्षित भएको अनुभव गर्न खोज्नु हो । तर यहाँ त भूमिका लेखकले ४० प्रतिशत लेखन त आफ्नो निर्देशनले बनेको दाबी गरेको देखिन्छ (पृ.घ) । त्यस अघि नै पढेर राय दिनेहरूले पनि त्यसरी नै दाबी गर्ने हो भने उपन्यासकारको दृष्टिकोण कति प्रतिशतमा खुम्चिने हो विचारणीय बनेको छ । अर्को कुरा भट्टराईले भने झैँ यस उपन्यासको खास पक्ष भनेको अनन्त पात्रको नव निर्माण मात्रै भने होइन । त्यो त उपन्यासको लगभग २५ प्रतिशत मात्रै हो । त्यस्तै भट्टराईको आत्म विज्ञापन (जस्तै-अझ मेरो प्रकाशोन्मुख 'सुकरातको डायरी'ले कत्रो आँधी बेहरी उत्पन्न गर्ला (पृ.छ)") र स्वार्थवश गरिएको मनोगत प्रशंसाले प्रशंसक र प्रशंसित दुबै झन् हलुङ्गिने काम भएको छ ।

उपन्यासको कथक म पात्रको ठाउँ ठाउँको अल्लारेपन, उत्ताउलो मिजास र उसको अगाडिको उट्पट्याङ चरित्र र उसले बुन्न खोजेको गम्भीर वैचारिक विषयको उपन्यासबिच पनि तालमेल भएको छैन । उसको बोलीको ठाडो स्वरूपले पाठकलाई ठाउँ ठाउँमा बिजाउँछ । त्यस्तै इतर प्रसङ्गहरू पनि अग्रगामी, अनन्त र 'म पात्रकै जीवन सन्दर्भसँग बढी सान्दर्भिक बनाएर प्रस्तुत गर्न सकेका भए यसले अझ राम्रो औपन्यासिक प्रवाह कायम गर्न सक्थ्यो । उपन्यासमा धेरै कुरा थुपार्न खोज्ने तर कुनैको पूर्णता नदेखिने टुके पाराले औपन्यासिक तृप्ति पाठकले पाउन सकेका छैनन् । हुन त पछिल्ला अधिआख्यान जुन भाषिक खेल भनेर रमाइलोसँग समय काट्ने विषय मात्रै बनाउने प्रचलन पनि छ । उपन्यास पुरै त्यस्तो पनि हुन सकेको छैन । यस्ता कतिपय परिसीमा यसमा देखिएका छन् तापनि पोखरेली उपन्यास लेखन परम्परामा यो निश्चय नै नयाँ बान्कीको उपन्यास बनेको छ । द्वन्द्व कालीन परिवेश, वैचारिकताको प्रयोग, माओवादी सङ्घर्षप्रति आकर्षण र विकर्षण जस्ता कुराहरू यस अघिका पोखरेली उपन्यासहरूमा सहजै देख्न सकिन्छ । ती बाहेक यसमा पूर्व पात्रको नव निर्माण वा विनिर्माण र छोटा छोटा कथा उपन्यासमा हुल्ने (पात्र १, २..) काम पोखरेली उपन्यास परम्परामा पहिलो पटक गरिएको छ । यसले औपन्यासिक बान्की पनि नयाँ बनेको छ ।

## ३.५ वैचारिकता

विचारको प्रयोग सबैजसो उपन्यासमा गरिन्छ । पोखरेली राजनीतिक विद्रोह केन्द्री र प्रयोगशील उपन्यासमा यसको राम्रै प्रयोग भएको छ तापनि तिनमा सामाजिक विषय र शैल्पिक प्रयोग पनि उत्तिकै महत्त्वका बनेर आएका छन् । सरुभक्तको 'पागल बस्ती' मा आफ्नै किसिमको शून्यवादी दर्शन र प्रेम दर्शनको प्रयोग देख्न सकिन्छ तर त्यसमा पनि वैचारिकतासँग शैल्पिक प्रयोग उत्तिकै महत्त्वको बनेर आएको छ । विचारको मात्रै प्रधानता भएका उपन्यास २०६७ र २०६८ सालमा क्रमशः रवीन्द्र माकाजू र दीपक पराजुलीले लेखेको पाइन्छ ।

रवीन्द्र माकाजूको 'सुमन' उपन्यास डिमाइ साइजका जम्मा ७२ पृष्ठको छ । यसमा विषयलाई २३ परिच्छेदमा विभाजन गरी प्रस्तुत गरिएको छ । कलेज पढ्दै गरेको सुमन सागर तृष्णा नामकी कलेजकी केटीको रूप सौन्दर्य देखेर भुतुक्क हुन्छ र एकोहोरो उसलाई पाउन अनेक प्रयत्न गर्छ तर तृष्णा उसको प्रेमबाट कत्ति प्रभावित हुन्न । राम्री केटी भएकी हुँदा उसलाई प्रेमपत्र

लेख्नेहरू पनि थुप्रै हुन्छन् । उसका बारेमा हुने नहुने कुरा काट्नेहरू पनि प्रशस्त देखिन्छन् तर तृष्णा डिप्लोमा उत्तीर्ण नगरेसम्म बिहेका बारेमा कुनै कुरा सोच्ने पक्षमा देखिन्न र उसका पिताले पनि पढेर सक्षम बन्न खोजेकी छोरीको चाहनालाई नै टेवा दिन्छन् । एक दिन पुस्तकालयमा बसेर पढि रहेकी तृष्णालाई पछ्याउँदै सुमन उसकै सामु पुग्छ र आफ्नो प्रेम निवेदन गर्छ । तर तृष्णा सुमनको व्यवहारबाट क्रुद्ध हुन्छे र रिसले भुन्भुनिएर भाग्न खोज्दा खुट्टामा सारी अल्झिएर लड्छे । सिसाका टुक्रामाथि उसको अनुहार परेको हुँदा रक्ताम्ये हुन्छे । उपचारपछि सन्च भए पनि उसको अनुहार कुरूप हुन्छ । त्यस घटनापछि ऊ कलेज जान छाड्छे । कुरूप देखिएपछि उसलाई विवाहका निम्ति कोही माग्न पनि आउँदैनन् । “तृष्णाको जीवनमा खुसियाली छाएन (पृ.२१)” भन्दै उपन्यासमा उसको प्रसङ्ग टुन्याइन्छ ।

त्यसपछि सुमन पनि पढ्न छाड्छ । बिहे गर्ने विचार पनि त्याग्छ । समाज र जीवनका बारेमा प्रवचन गर्दै हिँड्छ । ऊ कलेज पढ्दा नै निकै जेहेन्दार र तार्किक थियो । ऊ सबै धर्म सम्प्रदायप्रति सद्भाव राख्ने, समतावादी, मानवतावादी, उदारवादी दृष्टिकोण राख्ने व्यक्तिका रूपमा देखिन थाल्छ । सातौँ परिच्छेद वा पृष्ठ २३ पछि अन्त्यसम्म लगभग निरन्तर उसका दृष्टिकोण/प्रवचन/उपदेशको एकालाप उपन्यासमा आएका छन् । सुमनको प्रशंसक ‘म’ पात्रले केही ठाउँमा संवाद त बोलेको छ तर त्यो सारै थोरै छ ।

उपन्यासको दुई तिहाइ अंश सुमनकै जीवन दर्शनसँग सम्बद्ध कथन छन् तर ती त्यति व्यवस्थित र एक विषयक नभई अनेक विषयक वा प्रकीर्ण प्रकृतिका छन् । त्यसैले कतिपय ठाउँमा ती विरोधाभास युक्त पनि देखिन्छन् । सापेक्ष सत्यको आश्रय लिएर ती सबै विरोधाभासको पुष्टि गर्न खोजिएको पनि छ । अन्तिम २३ परिच्छेदमा “संसारमा युद्धका कारणले भन्दा प्रेमका कारणले धेरै हानी नोक्सानी भएको छ (पृ.७०)” भन्दै प्रेमपीडाको मारक प्रकृतिलाई औँल्याइएको छ । त्यस्तै मान्छे अरुलाई हँसाउन पनि नसक्ने अर्थहीन जोकरमा परिणत भएको सन्दर्भ पनि ल्याइएको छ । यसरी समाज र जीवनका असङ्गतिहरूलाई वैचारिक रूपमा प्रस्तुत गरिएको यस कृतिमा आख्यानीकृत विषय भने त्यति देखिन्न । भएको विषय पनि बिचमै अधुरै जस्तो बनेर रहेको छ । कृतिको २३ औँ परिच्छेदको सुमन सागरको प्रेमपीडा दर्शनले तृष्णासँगको उसको बिछोडको पीडा हृदयको कुनामा बाँकी नै रहेको सङ्केत गर्दछ । जे होस् सुमनले व्यक्ति तृष्णासँगको वा प्रेमिकासँगको प्रेममा आफू असफल भएपछि त्यसलाई व्यापक मानव प्रेममा परिवर्तित गर्दै लगेको छ । कतिपय ठाउँमा सुमनको दृष्टिकोणसँग उपन्यासकारको व्यक्तित्व साटिएको पनि देखिन्छ । त्यस्तै सुमनको पछिल्लो व्याख्या अनुसार उसकी पूर्व प्रेमिका तृष्णा क्षणिक तृष्णाका तात्पर्यका रूपमा पनि अर्थिने देखिन्छे । यी सबै सन्दर्भ हेर्दा रवीन्द्र माकाजूको यो उपन्यास राजेश्वर देवकोटाको वैचारिक उपन्यासकै परम्पराको देखिन्छ तापनि देवकोटाको जस्तो गम्भीर दार्शनिकताको ओज भने यसमा भेटिन्न ।

दीपक पराजुलीको ‘राज्यको अन्त्य होस्’ उपन्यास राजनीतिक व्यवस्था विषयक छ । यो डिमाइ साइजका जम्मा ९० पृष्ठ (भूमिका, मन्तव्य आदि बाहेक) मा फैलिएको छ र यसमा विषयलाई १५ परिच्छेदमा व्यवस्थित गरी प्रस्तुत गरिएको छ । यसको प्रस्तुति प्रथम पुरुष शैलीमा छ । ‘म’ पात्र क्याम्पस पढ्दै गरेको राम्रो विद्यर्थी हो । ऊ देशमा देखिएको हरेक क्षेत्रको अतिराजनीतिकरणबाट असन्तुष्ट छ । विशेषतः क्याम्पसमा हुने पार्टीहरूको भातृ सङ्गठनका गतिविधिले क्याम्पस नै राजनीतिक प्रशिक्षण केन्द्र बन्न पुगेको, आम विद्यार्थीहरूका साझा हितका कुरा हुन नसकेका, राज्य जहिले पनि हुनेखाने वर्गकै संरक्षणमा लागेको (पृ.४४), राज्य संयन्त्रले शक्तिको दुरुपयोग गरेको जस्ता कुरा देखे भेगेका हुँदा राज्यकै अन्त्य हुनु पर्ने विचार सञ्चारमा लागेको छ । ऊ व्यक्तिको स्तरोन्नति गरेर आत्मवादको विकास गर्न चाहन्छ । उसको विचारप्रति आम विद्यार्थीहरूको रुचि बढ्दै गएकाले पार्टीहरूका भातृ सङ्गठनका रूपमा रहेका विद्यार्थीहरूको र पार्टीहरूको स्वार्थमा बाधा पर्न थालेकाले उनीहरू ‘म’ का विपक्षमा देखिन थालेका छन् । ‘म’ पक्षधर विद्यार्थीहरूलाई भौतिक कारबाहीको धम्की दिने र मरणासन्न हुने गरेर आक्रमण गर्ने काम पनि हुन थाल्छ । उनीहरूको आक्रमणले रवि गम्भीर रूपमा घाइते भई आइसियुमा भर्ना पनि गरिएको छ । परीक्षा दिन जान लागेको ‘म’ स्वयंलाई भूमिगत सङ्गठनका मानिसहरूले अपहरण पनि गरेका छन् ।

उपन्यास ‘म’ कै अपहरणको प्रसङ्गबाट थालनी भएको छ । मानव अधिकारकर्मी प्रदीप सरको अथक पहलबाट ‘म’ बल्लतल्ल छुटेको छ । उसलाई अपहरण गर्नेहरू भारतीय मूलका हुन्छन् । अपहरण गरेर लगिएको क्षेत्र तराई हुन्छ । अपहरणबाट छुट्दा ‘म’ लाई उसका अनुयायी वा सहकर्मी विद्यार्थीहरूले अबिर जात्रा नै गरेर लान्छन् । सोही क्रममा अपहरण किन गरियो भन्ने कुरा ‘म’ ले स्पष्ट पार्ने क्रममा पूर्वस्मृतिका रूपमा उपन्यासमा घटनाहरूको बयान गर्दै लगिएको छ । अपहरणका कारण

'म' को अराज्यवादी, आत्मवादी वैचारिकताबाट भयभीत राजनीतिक पार्टीहरूको कर्म नै देखिन्छ । विचारलाई वैचारिक रूपमै परास्त गर्न नसकेपछि पार्टीहरूले गरेको घिन लाग्दो खेलका रूपमा त्यसलाई सङ्केत गरिएको छ ।

पार्टीहरू सत्ता स्वार्थका लागि जस्तोसुकै घृणित खेल खेल्न तत्पर हुन्छन् । राज्य नै शक्ति स्वार्थका लगि दुरुपयोग गरिन्छ । क्याम्पसको विद्यार्थी चुनावमा नै झडपको सिर्जना गरी मान्छे नै मारिन्छ । राज्यले तलबार वा बन्दुकको भाषा मात्रै सुन्छ । शक्ति राष्ट्रहरू पनि शस्त्रास्त्रको होडबाजीमा छन् । राज्यले नै बिन लादेन बनाएको र समाप्त पनि पारेको हो । राज्य आफै बोक्सी र आफै धामी बन्छ (पृ.३६) । सुकरातलाई विष पिलाउने र इसा मसिहलाई सुली चढाउने काम पनि राज्यले नै गरेको हो (पृ.३८) । राज्यको हतियार वा ताकत जनताकै विरुद्ध प्रयोग हुन्छ (पृ.३७) । राजनीतिक व्यवस्थाको नाम लोकतन्त्र भए पनि त्यसका सञ्चालक लोकतान्त्रिक हुँदैनन् (पृ.८८) । राजनीति नैतिकता विहीन बनेको छ । दलीय आकाङ्क्षा वैयक्तिक अहंकार पुष्टिका लागि मात्रै भएको छ । संसारभरि त्यसले युद्धकै विस्तार गरेको छ । त्यसैले भनिएको छ-

*मानव इतिहासको चार हजार वर्षको कालखण्डमा मुस्किलले दुई सय वर्ष पनि विश्वले शान्तिको स्वास फेर्न नपाएको तथ्य भेटिन्छ । युद्धमा बितेको बाँकी तिन हजार आठ सय वर्षभन्दा बढी समयको भयानकता र बीभत्सता घट्दो नभई बढ्दो नै पाइएको छ । जबसम्म मानिसहरू आफूभित्रको बुद्धलाई चिन्न सही बाटोमा फर्कदैनन् तबसम्म मूल्यहीन कौडीहरू हत्याउनको लागि संसारमा युद्ध जारी रहन्छ .... (पृ.८२) ।*

*राज्य रक्तपात र हिंसाले जन्माएको सन्तान हो । त्यसैले राज्यमा रहेर शान्ति र अहिंसाको कल्पना गर्नु केबल भ्रामक सपना मात्र हो (पृ.८२) ।*

*किसान जो खेतहरूमा मरीमरी अन्न फलाउँछन्, उही भोको छ । मजदुर जो हरेक उद्यममा हाड घोट्छ उही नाङ्गो छ । ठालु नेताहरू जसको काम केवल भाषण भुक्नु मात्र हो, अरू केही काम गर्दैनन् । उनीहरूसँग कुनै चिजको केही कमी देखिँदैन । तपाईंलाई लाग्दैन राज्य आज पनि बहु सङ्ख्यक जन साधारणहरूका विरुद्ध केही मुठीभरका ठालु मानिसहरूको षड्यन्त्र मात्रै हो । हेर्नु होस् त, देशका तमाम भोका, नाङ्गा जनताहरूको दारुण स्थिति अनि यी सत्ताकेन्द्री नेताहरूको आलिसान जिन्दगी । को प्रजातन्त्र ? को समाजवादी ? को जनवादी ? को हो जनताको सेवक ? को हो सर्वहारा ? आफ्नो अकुत सम्पत्तिको केही अंश मात्रै भए पनि राष्ट्रियकरण गरी गरिबी उन्मूलन गर्नु पर्छ भन्ने मान्यता राख्दछन् तपाईंका घगडान समाजवादी नेताहरूले (पृ.८८) ?*

अतः यस्तो राज्यको अन्त्य हुनु पर्छ । अब बाहुबल वा शस्त्रास्त्रको वा झन्डावालहरूको कान्ति होइन आत्मिक कान्ति हुनु पर्छ । आत्मा अजर र अमर छ भन्ने कुरा गीताले स्थापित गरि सकेको छ । त्यसलाई शस्त्रास्त्रको युद्धले समाप्त पार्न सक्तैन भन्दै उपन्यास समाप्त भएको छ ।

यसरी उपन्यासले नेपाली समाजको मात्रै नभई संसारभरि नै कुरूप बनेको राजनीति र राज्य व्यवस्थाको निरूपण गर्दै त्यस्तो राज्यको अन्त्य हुनु पर्छ भन्ने घोषणा गर्नुका साथै राज्य विहीन समाजको कल्पना गरेको छ जहाँ समाजका प्रत्येक सदस्य "समान सह अस्तित्वपूर्ण सहकार्य र सहयोगमा बाँच्न रुचाउँछन् (पृ.४९) ।" त्यस्तै-

*राज्यले गर्ने भनेका सबै कार्यहरू समाजका सङ्गठित स्वैच्छिक स्वयम् सेवी संस्थाहरूले प्रत्येक मानिसको प्रत्यक्ष संलग्नतामा सहकार्यमूलक तरिकाबाट राज्यले भन्दा राम्रो, छरितो र प्रभावकारी रूपबाट गर्न सक्छन् । त्यहाँ राज्यले जनतामाथि लाद्ने शक्तिको अभाव हुन्छ, यसको अर्थ शान्ति, अमन चैन र नियम व्यवस्थाको अन्त्य हैन बरु समानता, प्रेम र आत्मीयताको उदय हो (पृ.४९) ।*

यो अराजकतावादी दार्शनिक वाकुनिन र प्रोधाले भने जस्तो ईश्वर विरोधी धार पनि होइन (पृ.४८) । बरु अहिंसात्मक राज्य विहीन समाजको कल्पना गर्ने गान्धी र टल्सटायको सोचको निकट छ (पृ.६२) । "यो त्यो वाद हो जहाँ सबै वादहरूको अन्त्यपछि यसको सुरुवात हुन्छ - यो सबैभन्दा परको आत्मवाद हो (पृ.४८) ।" यसको ध्येय धर्मवाद होइन । यो प्रत्येक प्राणीमा रहेको आत्माको कल्याणमा केन्द्रित छ । यो सबै प्राणीमा समानता, प्रेम र आत्मीयता विकास गराउन केन्द्रित हुन्छ ।

वास्तवमा उपन्यासकार पराजुलीको यो एक किसिमको युटोपिया हो जुन मार्क्सवादले साम्यवादी चरणमा वा गान्धीले रामराज्यको कल्पनामा प्रस्तुत गरेका पनि छन् । यस्तै उपन्यासमा देखिने अराज्यवादको सन्दर्भ यसपूर्वको जगदीश घिमिरेको 'साबिती' उपन्यासमा आएको प्रसङ्ग हो (पौडेल, २०६८ ख:५८) । त्यसलाई पराजुलीले आफ्नै किसिमले थप विस्तार गरेको पाइन्छ ।

समग्रमा भन्दा दीपक पराजुलीको यो पहिलो उपन्यास नैतिकताहीन राजनीतिका कारण कुरूप बनेको समकालीन नेपाली समाजको यथार्थ प्रतिबिम्बकै आडमा एउटा नवीन र विचार उत्तेजक दृष्टिकोण प्रक्षेपण गर्न केन्द्रित रहेको छ। यसको वैचारिकता विवादहीन नभए पनि बौद्धिक पाठकहरूका लागि निश्चय नै यो राम्रै आकर्षणको विषय बनेको छ।

### ३.६ नारीवादी सोच र विनिर्माण

पोखरेली उपन्यासकार मुक्तिनाथ शर्मा, भुवनेश्वर कोइराला, सरुभक्त लगायतका उपन्यासहरूमा नेपाली पुरुष प्रधान समाजका नारीहरूले व्यहोर्नु परेका कतिपय व्यथाहरूलाई प्रसङ्गवश प्रस्तुत गरिएको देखिन्छ जसको चर्चा यसअघि पनि भइ सकेको छ। यस्ता कतिपय उपन्यासका ठाउँ ठाउँमा नारीवादी सोचको अभिव्यक्ति पनि पाइन्छ। यस्तै भूमिराज वस्ताकोटीको 'निर्मोचन' उपन्यासले विनिर्माणको प्रवृत्तिलाई पोखरेली उपन्यासमा प्रथम पटक अनुसरण गरेको छ। यो प्रयोगवादकै थप शृङ्खला पनि हो। यसको चर्चा पनि यस अघि नै भएको छ।

### ३.७ विविध

माथि उल्लेख गरिएका प्रवृत्तिलाई मूल प्रवृत्तिका रूपमा नसकारी मिश्रित प्रवृत्तिको अनुसरण गर्ने वा तीभन्दा भिन्न प्रवृत्तिको अनुसरण गर्ने सबै उपन्यासलाई यस शीर्षकमा समेटिएको छ। यसमा 'चुली', 'बिहानी र साँझ', 'विसङ्गत बस्ती', 'दोस्रो जीवन' जस्ता उपन्यास पर्दछन्।

प्रशस्त प्रयोगशीलता प्रदर्शन गरिसकेका लेखक सरुभक्तले आफ्नो पाँचौँ 'उपन्यास चुली' मा फरक प्रवृत्ति अनुसरण गरेको पाइन्छ। अर्थहीन नै भए पनि वर्तमान युग जीवनको व्यस्त पाठकको आफ्नै किसिमको वाध्यता र सङ्कटलाई लेखकले राम्रै अनुभव गरेर यसको आकार साच्चिकै लघु तुल्याएका छन्। अनि हाम्रो राष्ट्रिय गौरवको विषय भए पनि साहित्यले त्यति धेरै चर्चिन नसकेको हिमाली क्षेत्रको वा सगरमाथा आरोहणको कथालाई यसले विषय तुल्याएर अर्को प्रशंसनीय काम गरेको छ। विषयलाई नवीन पारामा भन्ने, त्यसमा वैचारिकता र कवित्वको संश्लेषण गर्ने कलात्मक सिप पनि यसमा मनग्गे पाइन्छ। छोटोमा भन्दा सङ्क्षिप्तता, वैचारिक सघनता, मानवता, सूक्तिमयता, पूर्णता, गौरवमय राष्ट्रिय प्रकृति प्रेम, प्रेरणादायी साहसीको कथा, शृङ्गारिकता जस्ता विशेषताले भरिएको यस उपन्यासको आफ्नै किसिमको साहित्यिक मूल्य त छँदै छ त्यसमाथि यो आजका किशोर किशोरीलाई पढाउने राम्रो सामग्री पनि बनेको छ। यस्तै यिनको पछिल्लो बाल उपन्यास 'अँध्यारो कोठा' पनि प्रकाशित पाइन्छ। यसमा प्रतीकात्मक ढङ्गमा छेपारो, माकुरो र भँगेरा भँगेरीहरूका रमाइला कथा बुनिएको छ। किशोरोन्मुख बाल बालिकाका लागि यो पठनीय सामग्री बनेको छ। बाल उपन्यास त्यति पर्याप्त नभएको नेपाली उपन्यास परम्परामा यसले आफ्नै किसिमको ऐतिहासिक स्थान ओगटेर बस्ने छ। यसको प्रतीकात्मकता भने बाल मनोदशका लागि जटिल नै बनेको छ।

ईश्वर पर्देशीको 'बिहानी र साँझ' उपन्यासको शीर्षकले जीवनका उज्याला र अँध्यारा वा सुख र दुःखलाई सङ्केत गरेका छन्। उपन्यास सहरको धनाढ्य शम्भु प्रसादले वासनात्मक प्रेम गरेर छाडेकी मायाको अँध्यारो र शम्भु प्रसादको उज्यालो जीवन सङ्केतबाट सुरु भएको छ। पोखराका सुकुमवासीहरूको बस्ती लालटिन बजारमा बस्ने मायाले गिट्टी कुट्दै बसे पनि एक दिन उसको मिहिनेती छोरो सागर डाक्टर बनेर आएर आफ्नो सबै परिस्थिति सम्हालेको अनि शम्भु प्रसादको पुलपुल्याएर पालेको एक्लो धनमत्ता छोरो सुमनले सारा आफ्नो सम्पत्ति पनि डुबाएको र आफू पनि दुर्व्यसनी भई समाप्त हुन लागेको देखाइएको छ। यही क्रममा सागर र शीलाको मिलनमा टुङ्गिएको आदर्श प्रेम समानान्तर रूपमा प्रस्तुत गरिएको छ। यसले उपन्यास सुखान्त बनेको छ। उपन्यासको घटना क्रम विकासको स्वाभाविकताका दृष्टिले ठाउँ विशेषमा सन्देह जन्मिए पनि तिनको उद्देश्य केन्द्री प्रवाहपूर्ण प्रस्तुतिले पाठकलाई राम्रैसँग निरन्तर आकर्षित गरि रहेको पाइन्छ। लगनशील भई परिश्रम गर्नेले सफलताको शिखर चुमेरै छाड्छ, जस्तै धनाढ्य भए पनि गलत बाटोमा हिँड्नेको अवश्य पतन हुन्छ, निस्वार्थ प्रेमले अन्ततः सुख वा मिलन निम्त्याउँछ भन्ने जस्ता आदर्श यसमा संस्थापित गर्न खोजिएको छ। पोखरेली सम्पन्न र विपन्न वर्गको सामाजिक परिवेशको यो उपन्यास स्वच्छन्दतावादी आदर्शवादी शिल्प संरचनामा आधारित भएर पनि सुगठनका कारण आकर्षक बनेको छ।

सरुविन्द (/गोविन्द भण्डारी) को 'विसङ्गत बस्तीहरू' उपन्यास समकालीन विसङ्गत यथार्थको निरूपणमा केन्द्रित

देखिन्छ । सामाजिक असङ्गतिप्रति म पात्रको एकोहोरो कथन वा एकालापमा नै कृतिका धेरै पृष्ठ खर्चिएका छन् । एकालापमा तार्किकता, व्यङ्ग्यात्मकता, तुकान्तता जस्ता कुराको निर्वाह त गरिएको छ तर ती आख्यानीकरणका सन्दर्भमा नभई निबन्धात्मक कथनका रूपमा वा स्वतन्त्र कथन सङ्ग्रह जस्ता बनेर आएका छन् । यसले पाठकलाई सुरुमा प्रयोगशीलताको भ्रम दिए पनि त्यसभित्रको रचनात्मकताको अभावले त्यो अर्थहीन लहडी प्रयत्न जस्तै बनेको छ । लेखक आफैले यसलाई के बनाउन चाहेका हुन् त्यसमा पनि स्पष्ट छैनन् किनभने उपन्यासको भूमिकामा यसलाई प्रयोगवादी, अतियथार्थवादी, अस्तित्ववादी, विसङ्गतिवादी, अराजकतावादी जस्ता विभिन्न विशेषण आफैले दिएका छन् । अर्को कुरा यसपूर्वको सरुभक्तको 'पागल बस्ती' र त्यसमा प्रकट भएको अहंवादी धारणा जस्तै सरुविन्दको 'विसङ्गत बस्ती' र यसमा प्रकट मवादी धारणाबिच समानता सिर्जना गर्न खोजिएको छ तर यो चिन्तनहीन समानता बिरालोले बाघको डमरु बन्न खोजे जस्तो मात्रै भएको छ । विनिर्माणको स्तरमा उठ्न सकेको छैन ।

प्रतीक्षा बागी (/रामचन्द्र बराल) को 'दोस्रो जीवन' उपन्यासमा एकातिर २०४६ सालको क्रान्तिपछि देखिएका विभिन्न अन्याय अत्याचार र त्यसैलाई संरक्षण गर्ने पुलिस प्रशासनप्रति तीव्र रोष प्रकट गर्दै समाजवादीहरू एक भएर पुनः राजनीतिक क्रान्ति गर्नु पर्ने (पृ.३१) कुरा अगाडि सारिएको छ भने अर्कातिर उपन्यासका नायक नायिका (प्रशान्त र शालिना) ले व्यहोरेको विभिन्न परिस्थिति मार्फत बहुपत्नीको अवधारणाप्रति पनि ('भुलको जिन्दगी'मा जस्तै) सम्मति जनाइएको छ । विरोधाभासपूर्ण दृष्टिकोण र दुर्बल शिल्पका कारण यो लहडमा गरिएको सिर्जना जस्तो बनेको छ । यस्तै उपन्यासकारमा हरिकृष्ण बञ्जराले सानोतिनो रोजगारीका लागि पनि भारतै पस्नु परेको ग्रामीण नेपाली समाजका नेपालीहरूका विभिन्न दुखेसा वा असङ्गतिहरूलाई मनोहर, सन्ते, सेती, फुलु, सिर्जना, रामभक्त जस्ता पात्रहरूसँग सम्बद्ध गरेर 'जीवन जगत' नामक लघु उपन्यास लेख्ने रहर गरेको पाइन्छ भने क्षेत्र बहादुर कुँवरले 'संयोग भनौं वा भाग्य' उपन्यासमा मुख्यतः टुहुरा बाल बालिका (उमेश, सावित्री र हरि कुमारी) सँग सम्बन्धित तुल्याएर ग्रामीण नेपाली समाजको शैक्षिक दुरवस्था, नारी शोषण, परम्परित अन्ध विश्वास प्रस्तुत गर्न खोजेका छन् । यस्तै कृष्ण उदासीको 'परबिन्दा' उपन्यासमा एकातिर देशमा देखिएका तस्कर, अपराधीहरू (जोन, अभिमान) को दुश्चक्रलाई देखाइएको छ भने अर्कातिर त्यस दुश्चक्रमा फँसेका परबिन्दा (नायिका) र सुधीर (नायक) को विद्रोह र उनीहरूको प्रेम प्रसङ्ग पनि प्रस्तुत गरिएको छ । यी सबैले सामाजिक यथार्थलाई नै टिपेर सुधारवादी स्वर प्रस्तुत गर्न चाहे पनि उपन्यास लेखनको न्यूनतम सिप आर्जन गर्न असमर्थ सारै सिकारु प्रकृतिका देखिन्छन् । उदासीले त अझ अर्थहीन नाङ्गो चित्र दिएर आलाकाँचा पाठक लोभ्याउनतिर लागेका छन् । यस्तै प्रमोद मुल्मीले आत्महत्यामा अग्रसर मानिस (रामभक्त) लाई यिशुको जीवनप्रेम कथा सुनाएर बचाइएको कथा बुनेर 'त्यो नबिर्सने रात' नामक लघु उपन्यास लेख्ने रहर गरेका छन् तर यो उपन्यास नबनी धर्म प्रचारको सामग्री बनेको छ ।

यिनै सुधावादी दृष्टिकोण, शृङ्गारिकता, राजनीतिक विद्रोह चेतना, प्रयोगशीलता, वैचारिकता, नारीवादी सोच, विनिर्माण, बाल तथा किशोर केन्द्री लेखन जस्ता कुरा नै पोखरेली उपन्यासका मूल प्रवृत्ति निर्धारित हुन आएका छन् ।

## ४. उपसंहार

प्रस्तुत शोधमूलक लेख पोखरेली उपन्यास लेखनको लेखाजोखा गर्दै तिनका मूल प्रवृत्तिहरूको निरूपणमा केन्द्रित रहेको छ । यस क्रममा यसको मुख्य समस्या पोखरेली उपन्यास लेखनको थालनी र त्यो २०६८ सालसम्म के कसरी विकास हुँदै आयो अनि त्यसका मूल प्रवृत्ति के कस्ता छन् भन्ने कुरा निक्यौल गर्नु रहेको हुँदा ती समस्याहरूको तथ्य सङ्गत समाधान खोज्नु यस शोधको उद्देश्य बनेको छ । पोखरामा २०११ सालमा उपन्यास लेखनको खास थालनी भएपछि २०६८ सालसम्म लेख्दै आएका दुई दर्जनभन्दा बढी उपन्यासकारका तिन दर्जनभन्दा बढी औपन्यासिक कृतिहरूको क्रमबद्ध विवरण यहाँ प्रस्तुत गरिएको छ । त्यसपछि पोखरेली उपन्यासलाई तिनका मूल प्रवृत्तिका आधारमा वर्गीकरण गरी सङ्क्षिप्त विश्लेषण गर्ने काम भएको छ । यस्तो विश्लेषणपछि देखिएका हरेक प्रवृत्तिसँग सम्बद्ध महत्त्वपूर्ण उपन्यास र तिनका वैशिष्ट्यलाई पोखरेली उपन्यास लेखनको उपलब्धिका रूपमा लिएर तिनलाई केही विस्तारमा चर्चा गरिएको छ ।

२०११ सालबाट सुरु भएको पोखरेली उपन्यास लेखनले हालसम्म आधा शतक बिताएको छ तर यस्ता उपन्यासलाई हेर्दा उपन्यास लेखन सुरु भएको तिन दशकसम्म पनि खासै गुण स्तरीय उपन्यास जन्मन नसकेको देखिन्छ । २०४३ सालपछि नै

यस क्षेत्रको खास विकास हुन थालेको भेटिन्छ । त्यसपछि भने धेरै नै उपन्यास लेखिँदै आएका छन् । यस्ता उपन्यासमा सुधारवादी दृष्टिकोण, शृङ्गारिकता, राजनीतिक विद्रोह चेत, प्रयोगशीलता, वैचारिकता, नारीवादी सोच, विनिर्माण जस्ता विभिन्न प्रवृत्तिहरूको प्रयोग भएको छ । मुक्तिनाथ शर्माले सुरुमै उल्लेखनीय सुधारवादी वैचारिक उपन्यास लेखेपछि त्यसलाई सोही प्रवृत्तिका वा प्रेमपरक प्रवृत्तिको अनुसरण गर्ने उपन्यासकारहरूले आफ्नै किसिमले अगाडि बढाउन खोजे तर ती वैचारिक र कला मूल्यका दृष्टिले पनि खासै उल्लेखनीय देखिएनन् । तिनका सापेक्षतामा राजनीतिक विद्रोह चेत भएका उपन्यासले बरु एक किसिमको अर्थपूर्ण वैचारिकता र समाजका गलत मूल्य मान्यताप्रतिको आक्रोश प्रर्दशन गरेर पोखरेली उपन्यासको विकासलाई बढी महत्त्वको तुल्याए । यही क्रममा सरुभक्तले मुख्यतः प्रयोशील र अंशतः परम्परित दुबै ढाँचाको उपयोग गरी पोखरेली उपन्यासलाई विविधता र गुण स्तरीयताको राम्रो उचाइ प्रदान गरेको पाइन्छ । त्यस्तै २०६८ सालमा राजनीतिक नव वैचारिकता र विनिर्माणको उपयोग गरेर पोखरेली उपन्यासमा अर्थपूर्ण विविधता थपेको देखिन्छ ।

## ४.१ पोखरेली उपन्यासका उपलब्धि

पोखरेली उपन्यासलाई समग्रमा हेर्दा यहाँ आख्यान लेखनको प्रारूप २००७ सालमा नै मुक्तिनाथ शर्माको ‘मातृत्व र धर्मपुस्तक’बाट भएको पाइए पनि उपन्यास लेखनको स्पष्ट थालनी २०११ सालमा प्रकाशित शर्माकै ‘को अछुत ?’ उपन्यासबाट भएको देखिन्छ । यो उपन्यास शिल्प संरचनाका दृष्टिले सबल नभए पनि अग्रगामी वैचारिकता र तार्किकताका दृष्टिले समग्र नेपाली उपन्यासको परम्परामै उल्लेखनीय बनेको छ । यिनको सुधारवादी वैचारिकता वैज्ञानिक भौतिकतावादमा आधारित रहेको छ तर यिनीपछिका भुवनेश्वर कोइराला र मुकुन्द शरणको लेखन अध्यात्मवादमा आश्रित छ । अध्यात्मवादी वैचारिकता प्रस्तुत गर्ने कोइरालामा हिन्दू अध्यात्म दर्शनकै आडमा भए पनि विधवा विवाहको स्वीकृति प्रदान गर्ने साहस देखिएको छ तर मुकुन्द शरणमा त्यस्तो अग्रगामी चेतना नभई उल्टै हिन्दू धर्मावलम्वीभित्रकै वैष्णव मार्गीलाई मात्रै आदर्श सिद्ध गर्ने धार्मिक सङ्कीर्णता चिहाएको छ । औपन्यासिक शिल्प र संरचनाका दृष्टिले पनि यी दुबै (कोइराला र उपाध्याय) शर्माभन्दा उपल्लो महत्त्वका देखिन्नन् । त्यसैले कास्कीमा आख्यान वा उपन्यास लेखनको थालनी गर्ने र त्यसमा सशक्त रूपमा विज्ञान सम्मत सुधारवादी वैचारिकता प्रस्तुत गर्ने पहिलो व्यक्तिको श्रेय शर्मालाई नै उपलब्ध भएको छ । उपन्यासमा शिल्प संरचनालाई कम महत्त्व दिई विज्ञान सम्मत वैचारिकता प्रदर्शन गर्ने यिनको लेखनको प्रत्यक्ष अप्रत्यक्ष प्रभाव पछिल्ला धेरै उपन्यासकारमा पनि परको पाइन्छ । त्यसैले शर्मा पोखरेली उपन्यास लेखनको दरिलो आधारशिलाका रूपमा स्थापित भएका छन् ।

पोखरेली उपन्यासको थालनीसँगै देखिएको सुधारवादी वैचारिकतापछि देखिने अर्को प्रवृत्ति शृङ्गारिकता हो । यसको थालनी तीर्थ जङ्गलीको जीवनको एक भागबाट भएपछि केही उपन्यासहरू देखिएका छन् तर यस्ता उपन्यासमा युवा युवतीका भावुक मांसल प्रेमलाई बढी महत्त्व दिइएको छ । क्षणिक मनोरञ्जन वा व्यावसायिकताका उद्देश्यले नै यस्ता उपन्यास लेखिएका हुँदा तिनमा साहित्यिक मूल्य गौण बनेको छ तापनि जङ्गली र बद्री विनोद प्रतीकको लेखन भने सामाजिक असङ्गतितिर पनि केही डोरिएको छ । त्यसलाई सामान्य उपलब्धि मान्न सकिन्छ ।

पोखरेली उपन्यासलेखनको अर्को महत्त्वपूर्ण प्रवृत्ति राजनीतिक विद्रोह चेत हो । यसको थालनी भूपति ढकालले, धेरै उपन्यास लेखी विकास गर्ने काम भास्करले र मोटो उपन्यास लेखी राजनीतिक विद्रोहको स्वर उराल्ने प्रयत्न घनश्याम ढकालले गरेको पाइन्छ । यस प्रवृत्तिका उपन्यास सङ्ख्या र आकार दुबै दृष्टिले अरूभन्दा समृद्ध देखिन्छन् । यसमा मार्क्सवादी (भास्कर र घनश्याम) र गैह्र मार्क्सवादी (भूपति) दुई धार रहेका छन् । दुबैले तत्कालीन सत्तापक्षका ज्यादतीहरूको टड्कारो ढङ्गमा विरोध गरे पनि मार्क्सवादीहरूमा राजनीतिक विद्रोह चेत बढी देखिन्छ । त्यसमध्ये पनि माओवादीप्रति प्रतिबद्ध लेखन बढी साँधुरो र चर्को छ । रूपभन्दा अन्तर्वस्तुमै बढी जोड दिने यस्ता सबैजसो उपन्यास शिल्प संरचनाका दृष्टिले दुर्बलै देखिएका छन् ।

पोखरेली उपन्यासमा गुण स्तरीयताका दृष्टिले देखिने सबैभन्दा महत्त्वपूर्ण प्रवृत्ति भनेको प्रयोगशील उपन्यास लेखन हो । यसको थालनी र विकास दुबै सरुभक्तले गरेको देखिन्छ । यिनका पछिला दुई उपन्यास बाहेक अरू चारै उपन्यास प्रयोगशील प्रवृत्तिमा आधारित छन् । सबैमा स्वैर कल्पनाको अर्थपूर्ण प्रयोग छ । पहिलोमा वैज्ञानिक विकासमा आधारित भविष्य चेतना, दोस्रोमा अहंमा आश्रित शून्यवाद र प्रेमवादी जीवन दर्शन, तेस्रोमा पुरुष प्रधान समाजको नारीप्रतिको तीव्र उपेक्षाप्रतिको टड्कारो प्रतीकात्मक रोष र प्रेम दर्शन, चौथोमा राजनीति, क्षेत्रीयता, जाति, धर्म, वर्ण, सम्प्रदाय आदिका नाममा सिर्जना भएको नरभक्षी

समाज र त्यसको नव बर्बरताले सिर्जना गरेको सन्त्रास जस्ता कुरा नवीन शिल्पद्वारा प्रस्तुत गरिएको छ । पहिलो र दोस्रोमा विचारको प्रबलता पाइन्छ भने तेस्रो र चौथोमा सामाजिक कुरूपतालाई बढी मारक बनाएर प्रस्तुत गर्ने शिल्प सन्धानको एकाग्रता बढी भेटिन्छ । पहिलो र दोस्रोमध्ये दोस्रो बलियो छ भने तेस्रो र चौथोमध्ये चौथो बढी सशक्त बनेको छ । यी (‘पालग बस्ती’ र ‘समय त्रासदी’) पोखरेली उपन्यासका सन्दर्भमा मात्रै नभई नेपाली प्रयोगशील उपन्यासका सन्दर्भमा पनि उल्लेखनीय स्थान आर्जन गर्न सक्षम देखिन्छन् । यस सन्दर्भमा विनिर्माणको प्रयोगका दृष्टिले भूमिराज बस्ताकोटीको ‘निर्मोचन’ उपन्यास पनि महत्त्वको देखिएको छ । त्यस्तै वैचारिकताका दृष्टिले दीपक पराजुलीको ‘राज्यको अन्त्य होस्’ उपन्यास पनि उल्लेखनीय बनेर रहेको छ। नारीवादी सोचका दृष्टिले ‘को अछुत ?’, ‘सत्य सन्देश र विधवा जीवन’, ‘तरुनी खेती’, ‘समय त्रासदी’ (अघिल्लो अंशमा) जस्ता उपन्यास महत्त्वका देखिएका छन् ।

विविध भावधाराका उल्लेखनीय उपन्यासमा सरुभक्तकै ‘चुली’ र ‘अँध्यारो कोठा’ देखा परेका छन् । प्रबल उत्साहको भावमा आधारित ‘चुली’ मा सामाजिकता, यथार्थता, राष्ट्रिय प्रकृति प्रेम, साहसिक रोमाञ्च, बौद्धिकता, कवितात्मकता जस्ता प्रवृत्तिहरूको अन्तर मिश्रण रहेको छ भने ‘अँध्यारो कोठा’ नामक बाल उपन्यासमा प्रतीकात्मक ढङ्गमा बालशिक्षा प्रसार गरिएको छ । यी बाहेक अरू धेरैको प्रयत्न प्रारम्भिक वा सिकारु नै देखिन्छ ।

### ४.२ पोखरेली उपन्यासका चुनौती

पोखरा उपत्यकामा अहिले धेरै स्रष्टाहरू उपन्यास लेखनमा सक्रिय नै पाइएका छन् तर धेरैजसो स्रष्टाले उपन्यास सिर्जनामा अपेक्षित सफलता आर्जन गर्न भने सकेको भेटिन्न । यस्तो हुनुमा कथामा राम्रोसँग हात नबसी उपन्यास लेख्ने आतुरता देखाउनु, पूर्व परम्पराका उपन्यासहरूको न्यूनतम पनि जानकारी नराख्नु, विभिन्न जीवन दर्शन, मानिस, समाज र युगको गहिरो अध्ययन निरीक्षणतिर चासो नदेखाउनु, चासो राख्नेहरूले पनि आफूले ठम्याएका कुरालाई कसरी भन्दा बढी आकर्षक र धेरै पाठकको मन छुने किसिमको हुन्छ भन्ने कुराको अन्वेषणमा नलाग्नु, अन्तर्दृष्टि सहितको कल्पनाशीलता धेरैमा नपाइनु जस्ता कमी कमजोरी देखिएका छन् । हुन त सिर्जना भन्ने कुरा शास्त्र पढेर वा कसैसँग सिकेर गर्न सकिने होइन, यो त स्वतः अन्तर्दृष्टि विकास भएर प्रकट हुने कुरा हो पनि भनिन्छ तर व्युत्पत्ति र अभ्यास पनि सिर्जनाका कारण हुन् भन्ने धारणा प्राचीन कालबाटै स्वीकृत छ । वर्तमान समयका धेरैजसो सिर्जनात्मक लेखन प्रातिभ क्षमतामा भन्दा व्युत्पत्ति र अभ्यासमा नै आधारित देखिन्छन् । उपन्यास पनि त्यसबाट मुक्त छैन । झन् यसमा त समाज सङ्गत, विज्ञान सङ्गत, युग जीवन सङ्गत वस्तु र वस्तु गठनको प्रविधि कौशल प्रचुर उपयोग हुने हुँदा प्रशस्त चिन्तन मनन र त्यसको सिर्जनात्मक अन्तर सङ्ग्रन्थन अपेक्षित रहन्छ नै । त्यसैले दृष्टिकोणको व्यापकता, कलाप्रतिको निष्ठा, ऐतिहासिक चेत सहितको थप मौलिकता, समसामयिकता, कथनको सघनता वा सङ्क्षिप्तता जस्ता कुरा आजका स्रष्टाका थप चुनौती हुन् । त्यसैले वर्तमानका पोखरेली उपन्यास स्रष्टाको यतातर्फ पनि ध्यान जानु आवश्यक छ । आशा गरौं वर्तमानको चर्को प्रतिस्पर्धी युगमा सक्रिय हाम्रा स्रष्टाहरूले आउँदा दिनमा आफ्नो अस्तित्व संरक्षणका लागि पनि युग जीवन सुहाउँदो व्यापक मानवतावादी चेतना सहितको नवीनतम विषय र परिष्कृत शिल्प संश्लेषण गरी उल्लेखनीय उपन्यास सिर्जना गर्दै जानेछन् ।

### प्रमुख सन्दर्भ ग्रन्थ


अधिकारी, इन्द्र विलास (२०६१). *पश्चिमी साहित्य सिद्धान्त.* ललित पुर : साझा प्रकाशन ।

उदासी, कृष्ण (२०४७). *परबिन्दा.* पोखरा : सविन बास्तोला ।

कुँवर, क्षेत्र बहादुर (२०५९). *संयोग भनौं वा भाग्य.* पोखरा : खेम बहादुर कुँवर र अन्य ।

कुड्डोन, जे.ए. (सन् १९९१). *डिक्स्नेरी अफ लिटेरेरी टर्म एन्ड लिटेररी थ्योरी.* तेस्रो सं, लन्डन : पेन्गुइन ग्रुप.

कोइराला, भुवनेश्वर (२०१३). *वैकुण्ठ महल.* पोखरा : लेखक स्वयं ।

------------ (२०१३). *सत्य सन्देश विधवा जीवन.* पोखरा : खड्गदेवी कोइराला ।

क्षेत्री, सूर्य (२०६०). “पोखरेली पुराना साहित्यकारहरू”, *प्रज्ञा पराग.* पोखरा : पश्चिमाञ्चल वाङ्मय परिषद् ।

खनाल, कुल प्रसाद (२०४९). “पोखरेली गद्य साहित्य चिनारी र मूल्याङ्कन”, *मितेरी.* २ : २, (पुस), पृ.११-२० र २३ ।

गुरुङ, जस बहादुर (२०४५). *भुलको जिन्दगी.* कास्की : सिरमाया गुरुङ् ।

गौतम, कृष्ण (२०५०). *आधुनिक आलोचना : अनेक रूप अनेक पठन.* ललित पुर : साझा प्रकाशन ।

------------ (२०६४). *उत्तर आधुनिक जिज्ञासा.* काठमाडौँ : भृकुटी एकेडेमिक पब्लिकेसन ।

गौतम, देवी (२०४९). *प्रगतिवाद : परम्परा र मान्यता.* काठमाडौं : श्रीमती मुना गौतम ।

जङ्गली, तीर्थ (२०३४). *जीवनको एक भाग.* पोखरा : लेखक स्वयम् ।

------------ (२०३५). *मानवता.* पोखरा : लेखक स्वयम् ।

जैन, रवीन्द्र कुमार (सन् १९७२). *उपन्यास सिद्धान्त और संरचना.* दिल्ली : नेसनल पब्लिसिङ हाउस ।

टण्डन, प्रताप नारायण (२०२२). *हिन्दी उपन्यास कला.* लखनऊ : हिन्दी समिति सूचना विभाग ।

ढकाल, घनश्याम (२०४७). *गाउँभित्र.* काठमाडौं : बन्दना प्रकाशन ।

------------ (२०६०). *रातो आकाश.* काठमाडौं : प्रगतिशील अध्ययन केन्द्र ।

ढकाल, भूपति (२०३७). *स्वदेसिएका जोडी.* वाराणसी : भट्टराई बन्धु प्रकाशन ।

तिमसिना, मुक्तिनाथ (२०४१). *मुक्तिनाथ तिमसिना.* ललित पुर : सङ्ग्रह प्रकाशन ।

त्रिपाठी, वासुदेव (२०४८). *पाश्चात्य समालोचनाको सैद्धान्तिक परम्परा.* (पहिलो भाग), तेस्रो सं., ललित पुर : साझा प्रकाशन।

------------ (२०४९). *पाश्चात्य समालोचनाको सैद्धान्तिक परम्परा भाग २.* तेस्रो सं., ललित पुर : साझा प्रकाशन ।

नारंग, गोपीचन्द (सन् २०००). *संरचनावाद उत्तर संरचनावाद एवं प्राच्य काव्यशास्त्र.* अनु.-देवेश, दिल्ली : साहित्य अकादेमी ।

नेपाल, घनश्याम (सन् १९८७). *आख्यानका कुरा.* सिलगढी : नेपाली साहित्य प्रचारक समिति ।

पचौरी, सुधीश (सन् २०००). *उत्तर आधुनिक साहित्यिक विमर्श.* दो.सं., दिल्ली : वाणी प्रकाशन ।

पर्देशी, ईश्वर (२०४४). *बिहानी र साँझ.* पोखरा : श्रीमती लक्ष्मी गुरुङ् ।

पाण्डेय, मैनेजर (सन् १९८९). *साहित्यके समाज शास्त्र की भूमिका.* चण्डीगढ : हरियाणा साहित्य अकादमी ।

पौडेल, विष्णु प्रसाद (२०५५). "अमर बस्ती उपन्यासको विषय वस्तु र रचना शिल्प" *शिक्षा चौतारी.* ५:५ (पोखरा : शिक्षा महाविद्यालय). पृ.२६-३५ ।

------- (२०६१). "सरुभक्तको औपन्यासिक यात्राको गति, स्वरुप र प्रवृत्ति" *समकालीन साहित्य* १५:१, पूर्णाङ्क ५५, (कार्तिक मंसिर पुस), पृ. १०९-१२१

------- (२०५७). "अचम्मको फैसला : एक विडम्बनापूर्ण सिर्जना", *पोखरेली.* (दैनिक पत्रिका, कात्तिक २३ गते), पृ.३ ।

----- (२०६८क). *उपन्यास समालोचना.* काठमाडौँ : भुँडी पुराण प्रकाशन ।

------- (२०६८ख). *जगदीश घिमिरेका साहित्यिक कृतिहरूको अनुशीलन.* रामेछाप : जगदीश घिमिरे प्रतिष्ठान ।

प्रतीक, वद्री विनोद (२०३४). *स्वीकार.* पोखरा : सङ्कल्प प्रकाशन ।

------------ (२०४६). *झरेको पात.* पोखरा : साँचो कुरा प्रकाशन ।

प्रधान, कृष्ण चन्द्र सिंह (२०५२). *नेपाली उपन्यास र उपन्यासकार.* ललित पुर : साझा प्रकाशन ।

फक्स, राल्फ (सन् १९८०). *उपन्यास और लोक जीवन.* नयी दिल्ली : पिपुल्स पब्लिसिंग हाउस प्रा.लि. ।

बराल ऋषिराज, (२०४८), *"प्रगतिवादी नेपाली उपन्यासका मूल प्रवृत्ति",* काठमाडौं : नेपाली केन्द्रीय शिक्षण विभागको विद्या वारिधि, शोध प्रबन्ध ।

भट्टराई, गोविन्द राज (२०६१). *आख्यानको उत्तर आधुनिक पर्यवलोकन.* काठमाडौं : रत्न पुस्तक भण्डार ।

------------ (२०६४). *उत्तर आधुनिक विमर्श.* काठमाडौं : मोडर्न बुक्स ।

भास्कर (२०४४). *हाँडीका कनिका.* काठमाडौं : विमल विनोद ।

------------ (२०४६). *बन्दी आवाज.* काठमाडौं : विमल विनोद ।

------------ (२०५३). *अमर बस्ती.* पोखरा : शुभ प्रकाशन ।

------------ (२०५६). *अचम्मको फैसला.* पोखरा : शुभ प्रकाशन ।

------------ (२०५७). *समर्पण.* काठमाडौं : निरन्तर प्रकाशन ।

मुल्मी, प्रमोद (२०५०). *त्यो नबिर्सने रात.* काठमाडौँ : सरिकार प्रकाशन ।

राई, इन्द्र बहादुर (२०४०). *साहित्यको अपहरण : मार्क्सवादिक प्रतिबद्धता.* दार्जिलिङ्ग : संयोग प्रकाशन ।

------------- (२०५०). *उपन्यासका आधारहरू.* दो.सं., ललित पुर : साझा प्रकाशन ।

राय, गोपाल (सन् १९७३). *उपन्यासका शिल्प.* पटना : विहार हिन्दी ग्रन्थ अकादमी ।

वञ्जरा, हरिकृष्ण (२०५२). *जीवन जगत.* पोखरा : लेखक स्वयम् ।

वर्मा, धीरेन्द्र (सम्पा.) (सन् १९८५). *हिन्दी साहित्य कोश.* तेस्रो सं. वाराणसी : ज्ञान मण्डल लिमिटेड ।

वागी, प्रतीक्षा (२०५५). *दोस्रो जीवन.* पोखरा : लेखक स्वयम् ।

शर्मा, मुक्तिनाथ (२००७). *मातृत्व र धर्मपुस्तक.* काठमाडौँ : लेखक स्वयम् ।

------------- (२०११). *को अछुत ?.* पोखरा : इन्द्रमान, चन्द्रमान शेरचन ।

शर्मा. मोहन राज (२०४९-०५०). "उपन्यास शिक्षण" *वाङ्मय.* (पूर्णाङ्क ६), पृ. १-६ ।

------------- (२०५५). *समकालीन समालोचना सिद्धान्त र प्रयोग.* काठमाडौँ : नेपाल राजकीय प्रज्ञा प्रतिष्ठान ।

------------- (२०६६). *आधुनिक तथा उत्तर आधुनिक पाठकमैत्री समालोचना.* काठमाडौँ : क्वेस्ट पब्लिकेसन ।

श्रीवास्तव, परमानन्द (सन् १९९५). *उपन्यास का पुनर्जन्म.* नयाँ दिल्ली : वाणी प्रकाशन ।

श्रेष्ठ, दयाराम र मोहन राज शर्मा (२०४०). *नेपाली साहित्यको सङ्क्षिप्त इतिहास.* दोस्रो सं., ललित पुर : साझा प्रकाशन ।

श्रेष्ठ, दयाराम (२०६६). *अभिनव कथा शास्त्र.* काठमाडौ : पालुवा प्रकाशन प्रा.लि. ।

सरुभक्त (२०४४). *एक अविनवको आत्मकथा.* पोखरा : पोखरा जेसिज ।

------------- (२०४८). *पागल बस्ती.* काठमाडौँ : भारद्वाज प्रकाशन ।

------------- (२०५३). *तरुनी खेती.* काठमाडौँ : रत्न पुस्तक प्रकाशन ।

------------- (२०५८). *समय त्रासदी.* काठमाडौँ : सत्य मां मेमोरियल ट्रष्ट ।

------------- (२०६०). *अँध्यारो कोठा.* विराटनगर : वनिता प्रकाशन ।

------------- (२०६०). *चुली.* पोखरा : पोखरेली युवा सांस्कृतिक परिवार ।

सरुविन्द (२०५१). *विसङ्गत बस्तीहरू.* पोखरा : युवा साहित्य सदन ।

सिंहल, शशि भूषण (२०३८). *उपन्यास का स्वरूप.* ग्वालियर : कैलाश पुस्तक सदन ।

सुवेदी, राजेन्द्र (२०५३). *नेपाली उपन्यास परम्परा र प्रवृत्ति.* वाराणसी : भूमिका प्रकाशन ।